म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २२८ शनिबार १८ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 1 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकै बीउ उत्पादन प्रविधि विषयक तालिम सकियो

हेटौंडा, १७ चैत/मकपानपुरगढी गाउँपालिकामा मकैबाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत मकै बीउ उत्पादन प्रविधि विषयक तीन दिवशीय तालिमको समापन भएको छ । गाउँपालिकाको वडा नम्बर ७, ५ र २ मा गरी जम्मा ३० हेक्टर क्षेत्रफलमा बीउ उत्पादनको लागि विभिन्न समूह र सहकारीमार्फत् रामपुर कम्पोजिट जातको मकै बीउ लगाउने कार्य भइरहेको छ । बीउ उत्पादनमा संलग्न कृषकलाई लक्षित गरी तालिम संचालन गरिएको हो । तालिममा २५ जना कृषकको सहभागिता रहेको थियो । तालिममा बीउबिजन प्रयोगशालाका बीउ विकास अधिकृत कुलप्रसाद तिवारी, गाउँपालिकाको कृषि अधिकृत चन्द्रकान्त चौधरी, कृषि स्नातक आविस्कार खतिवडा, कृषि प्राविधिक गोपाल लम्साल र शिखर ईन्स्योरेन्स कम्पनी हेटौंडाका शाखा प्रबन्धक प्रमोद पोखरेलले सहजीकरण गरेका थिए । मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ का अध्यक्ष दीपेश दाहालको अध्यक्षता र बीउविजन प्रयोगशालाका बीउ विकास अधिकृत कुलप्रसाद तिवारीको आतिथ्यतामा कार्यक्रम समापन भएको हो ।

### मकवानपुरमा एसइई सुरुः

# परीक्षामा छात्राको सहभागिता बढी, पहिलो दिन १ सय ३० विद्यार्थी अनुपस्थित

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ मकवानपुरमा २५ वटा परीक्षा केन्द्रबाट एकैसाथ शुक्रबारदेखि कक्षा १० को एसइई परीक्षा सुरु भएको छ ।

एसइईको पहिलो दिन अंग्रेजी विषयको परीक्षा भएको छ । मकवानपुरको १० वटै स्थानीय तहबाट एसइईमा सहभागी कुल विद्यार्थी संख्या ६ हजार २ सय ९४ रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ । कुल विद्यार्थी संख्यामध्ये एसइईको पहिलो दिन ६ हजार १ सय ५३ विद्यार्थी मात्रै उपस्थित भएको इकाईका एसइई फोकल पर्सन प्रेमचन्द्रप्रसाद चौधरीले जानकारी दिए । परीक्षामा सहभागी हुनेमा छात्रा बढी रहेका छन् । परीक्षामा उपस्थित विद्यार्थीमध्ये छात्रा ३ हजार २ सय ७६ र छात्र २ हजार ८ सय ८० जना रहेका छन् । परीक्षामा १ सय ३० जना विद्यार्थी अनुपस्थित भएको चौधरीले बताए ।

अनुपस्थित हुनेमा छात्र बढी रहेका छन् । परीक्षा नदिनेमा ६२ जना छात्रा र ६८ जना छात्र रहेको एसइईका फोकल पर्सन चौधरीले जानकारी दिए । परीक्षामा अनुपस्थित हुने परीक्षा केन्द्रसमत रहेको हेटौंडा उपमहानगरपालिका-५, स्थित बालज्योति मावि, पिप्लेका दुईजना दृष्टिविहीन विद्यार्थी छन् । परीक्षामा सहभागी नहुने सबैभन्दा धेरै विद्यार्थी हेटौंडा-९, स्थित प्रगति माविका २० जना रहेको चौधरीले जानकारी दिए । जसमध्ये १५ जना छात्रा र ५ जना छात्र रहेका छन् । हेटौंडासहित थाहा नगरपालिका, इन्द्रसरोबर, भीमफेदी, मकवानपुरगढी, बागमती, बकैया, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाका विद्यार्थी एसइईमा सहभागी छन् ।

जिल्लामा २५ वटा परीक्षा केन्द्र छन् । जनता मावि फापरबारी, बुद्धमावि हात्तिसुँढे, महेन्द्र मावि छतिवन, जनप्रिय मावि हटिया, महेन्द्र मावि भीमफेदी, जनकल्याण मावि पालुङ, मच्छेनारायण मावि पालुङ, सरस्वती बालबोधनी मावि मार्खु, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्द्रकिरण मावि ज्यामिरे मनहरी, महेन्द्रकिरण मावि बसामाडी, निर्मल मावि बस्तीपुर, वंशगोपाल मावि चौघडा, आधुनिक राष्ट्रिय मावि हेटौंडा, बालज्योति मावि पिप्ले, ज्ञानदा मावि हेटौंडा, भुटनदेवी मावि हेटौंडा परीक्षा केन्द्र छन् । यसैगरी, सिदार्थ मावि हेटौंडा, प्रगति मावि हेटौंडा, बज्रबाराही मावि थाहा, अमर मावि हेटौंडा, जाल्पादेवी मावि मकवानपुरगढी र चन्द्रोदय मावि कमाने तथा निजी क्षेत्रबाट सञ्चालित जिएसन निकेतन एकेडेमी र सोलिड्यारिटी एकेडेमी पनि परीक्षा केन्द्र रहेका छन् ।

यसवर्षको एसइई परीक्षामा सहभागी परीक्षार्थीको संख्या अघिल्लो वर्ष भन्दा कम हो । अघिल्लो वर्षको एसइई परीक्षामा १ सय ३६ विद्यालयका ७ हजार १ सय ३८ जना परीक्षार्थी परीक्षामा सहभागी भएका थिए । अघिल्लो परीक्षा ९ वैशाख २०७९ बाट सुरुभई २० गते समापन भएको थियो । कोरोना महामारीका कारण शैक्षिक सत्र २०७६ र २०७७ मा विद्यालयले गरेको आन्तरिक मूल्यांकनकै आधारमा परीक्षा बोर्डले एसइईको नतिजा सार्वजनिक गरेको थियो । अघिल्लो वर्षको परीक्षा सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमै सञ्चालन गरिएको थियो ।

मकवानपुरसहित बागमती प्रदेशका १३ वटा जिल्लाबाट एसइई परीक्षामा कुल १ लाख १ हजारभन्दा बढी परीक्षार्थी सहभागी छन् । शिक्षा विकास निर्देशनालय हेटौंडाले बागमती प्रदेशभित्रका १३ वटा जिल्लाको परीक्षार्थी, परीक्षा केन्द्र र जनशक्ति तय गरेअनुसार, प्रदेशमा १ लाख १ हजार ७ सय ३३ जना परीक्षार्थी सहभागी हुँदैछन् । निर्देशनालयका अनुसार प्रदेशभर परीक्षाका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक, परीक्षा सहायक कार्यालय सहयोगी र सुरक्षाकर्मी गरी १५ हजार ८ सय ८६ जना जनशक्ति खटिएका छन् ।

बागमती प्रदेशभर ४ सय ३४ वटा परीक्षा केन्द्रहरु तोकिएको छ । परीक्षामा काठमाडौंबाट ३६ हजार ५ सय ७७ जना, भक्तपुरबाट ५ हजार ८ सय ५, ललितपुरबाट ९ हजार ८ सय ९९, काभ्रेबाट ६ हजार ४ सय ३६, सिन्धुपाल्चोकबाट ३ हजार ९ सय ८५ , नुवाकोटबाट ४ हजार ३ सय, रसुवाबाट ६ सय २८, धादिङबाट ५ हजार ३ सय ८६, चितवनबाट १० हजार ८ सय ५६, रामेछमपबाट ३ हजार २ सय २५, दोलखाबाट ३ हजार ६२ र सिन्धुलीबाट ५ हजार २ सय ४१ जना परीक्षार्थी सहभागी छन् । परीक्षा केन्द्र नजिक रहेको प्रहरी चौकीमा प्रश्नपत्र राख्ने व्यवस्था मिलाइएको निर्देशनालयले जानकारी दिएको छ ।

यसवर्षको परीक्षामा देशभरबाट ५ लाख १६ हजार ५ सय ९१ परीक्षार्थी सहभागी भएका छन् । परीक्षा नियन्त्रण कार्यालयका अनुसार २ लाख ६० हजार ६ सय ७४ छात्र र २ लाख ५५ हजार ९ सय १७ छात्रा एसइई परीक्षामा सहभागी भएका हुन् । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष जापानबाट पनि १४ परीक्षार्थीहरु एसइईमा सहभागी छन् । वैदेशिक रोजगारीमा रहेका नेपालीका छोराछोरीले जापान सरकारको अनुमति लिएर जापानबाटै परीक्षा दिन लागेका परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ । एसइई परीक्षाका लागि ७७ जिल्लामा २ हजार ३६ परीक्षा केन्द्र निर्धारण गरिएको थियो । जसमध्ये सबैभन्दा बढी परीक्षा केन्द्र बागमती प्रदेशमा छन् ।

माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षाको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले शुक्रबार अनुगमन गरेका छन् । हेटौंडास्थित आधुनिक राष्ट्रिय मावि र भुटनदेवी मावि दुईवटा परीक्षा केन्द्र पुगेर मन्त्री श्रेष्ठले विद्यार्थीलाई परीक्षाको सफलता र उनीहरुको सुखद भविष्यको शुभकामना दिएका छन् । मन्त्री श्रेष्ठले परीक्षा अनुशासित, मर्यादित, सुरक्षित र व्यवस्थित रहेकोमा खुसी व्यक्त गर्दै परीक्षा केन्द्राध्यक्षलगायत टिमलाई धन्यवाद दिए । मन्त्री श्रेष्ठले विशेष अवस्थाका परीक्षार्थीलाई समेत हौसला प्रदान गर्दै विद्यालयका नर्सलाई परीक्षार्थीलाई कुनै पनि बेला आवश्यक पर्ने स्वास्थ्यसेवाका बारेमा अलर्ट र हन सम्बन्धित केन्द्राध्यक्षमार्फत् निर्देशन दिए । एसइई परीक्षा २९ चैतसम्म सञ्चालन हुनेछ ।

# जग्गा विवादः शाक्यले समय मागेपछि सुनारको धर्ना रोकियो

साझाकुरा संवाददाता



हेटौंडा, १७ चैत/२५ वर्ष अगाडि दृष्टिबन्धक राखेको जग्गा झुक्याएर राजीनामा पास गराएको भन्दै पीडित जगतबहादुर सुनार निरन्तर आन्दोलनमा थिए ।

हेटौंडाका एक प्रतिष्ठित व्यवसायीविरुद्ध एक सय ३५ दिनदेखि धर्ना बसेका सुनार तत्काललाई रोकिएका छन् । जिल्ला प्रहरी कार्यालयमा पीडित सुनार र व्यवसायी नियमराज शाक्यबीच २१ गतेसम्म विवाद निरुपण गरिसक्ने लिखित सहमति भएको छ । २१ गते जग्गाको सम्बन्धमा अन्तिम निर्णय लिने भन्दै शाक्यले लिखित सहमति गरेपछि हाललाई धर्ना रोकेको पीडित सुनारले जानकारी दिए । पीडित सुनारले जग्गा फिर्ता हुनुपर्ने माग राख्दै आएका छन् भने ८ महिना अघि जिल्ला अदालतमा शाक्यविरुद्ध जालसाझीको मुद्दा दायरसमेत गरेका थिए । हाल मुद्दा विचराधीन छ । जिल्ला प्रहरी कार्यालयमा शाक्यले जग्गा फिर्ता गर्ने सम्बन्धमा सहमति नगरेको र २१ गतेसम्ममा एउटा निर्णय दिने सहमति गरेको पीडित सुनारले बताए ।

साझाकुरा दैनिकले पीडित सुनार १३४ दिनदेखि जग्गा माग्दै धर्नामा बसिरहेको समाचार प्रकाशित गरेकै दिन १ सय ३५ औं दिन अर्थात बिहीवार प्रहरीले शाक्यलाई कार्यालय लगेको थियो । बुद्धचोकस्थित घरबाट शाक्यलाई प्रहरीले सोधपुछका लागि लगेको हो । शाक्यलाई लगिएपछि प्रहरी कार्यालयमा पुगेका पीडित सुनार र शाक्यबीच २१ गते अन्तिम निर्णय गर्ने सहमति बनेको हो । 'चैत २१ गतेसम्म एउटा निर्णय दिने भनेर सहमति गरेपछि मैले पनि प्रहरीको आग्रहमा धर्ना रोकेको छु । २१ गते सहमति पालना नगरे धर्ना फेरि सुरु हुन्छ । अब धर्ना झन कडारुपमा अगाडि बढाउँछौं,' सुनारले भने ।

प्रहरीमा करिब ४ महिना अघि सुनार र शाक्यबीच मौखिम सहमति नै भएको थियो । त्यतिबेला शाक्यले सुनारलाई जग्गा फिर्ता गरि दिने मौखिक सहमति गरेर प्रहरी कार्यालयबाट हिँडेकोमा उनले आफ्नै निर्णय कार्यान्वयन गरेका थिएनन् । प्रहरी कार्यालयमा गरेको मौखिम सहमति पालना नगरेपछि पीडित सुनार बुद्धचोकमा ब्यानर बोकेर साढे ४ महिनादेखि अनवरत् धर्नामा थिए । सुरुवातमा एक्लै धर्ना सुरु गरेका सुनारको पक्षमा यतिबेला राजनीतिक दलदेखि नागरिक समाज पनि ऐक्यबद्धता गर्न आइपुगेका छन् । सुनारको धर्नामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), मोहन वैध नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, नेकपा माले, नेकपा (एकीकृतसमाजवादी) लगायतका राजनीतिक दलले ऐक्यबद्धता जनाएका थिए ।

सुनार आफू र आफ्नो बाबु पदमलाल सुनारलाई जालझेल गरेर जग्गा राजीनामापत्रमा हस्ताक्षर गराएको भन्दै बुद्धचोक नजिक उत्तर तर्फ शाक्यको घर अगाडि नै धर्ना बसिरहेका थिए । उनलाई शाक्यले धेरैपटक धरपकड गरेका थिए । पीडित सुनारले २०५४ साल १ वैशाखमा व्यवसायी शाक्यको बाबुले ५० हजार रुपैयाँ ऋणको बदलामा ११ कठ्ठा १६ धुर जग्गा राजीनामा गराएको भन्दै जग्गा फिर्ताको माग गरिरहेका हुन् । हेटौंडा उपमहानगर पालिका-१३, पवित्र टोलमा रहेको ११ कठ्ठा १६ धुर जग्गा शाक्य परिवारले हडपेको सुनारको आरोप छ । आफ्नो बाबुको नाममा रहेको जग्गा राखेर व्यवसायी शाक्यबाट ५० हजार रुपैंयाँ ऋण लिएका थिए ।

दृष्टिबन्धक रोक्का राख्ने भनिएको अवस्थामा जग्गा राजीनामा लिखत गरी जग्गा खाइदिएको सुनारको आरोप छ । उनले जग्गा दृष्टिबन्धक गराउँदा राजीनामा लिखितमा झुक्याएर हस्ताक्षर गराएको भनाई छ । पीडक शाक्य पक्षले भने जग्गा खरिद गरेर लिएको दाबी गरि रहेको छ । जिल्ला प्रहरी कार्यालयमा पनि शाक्यले जग्गा खरिद गरेको बताएको सुनारले बताए । तर, त्यतिबेला जग्गा राजीनामापत्र लेख्ने लेखापढी व्यवसायी नै सुनारको पक्षमा छन् । जग्गा खरिद नभई ऋण लिएको खुल्ने प्रमाण सुनारसँग रहेको जनाइएको छ । जसकारण शाक्यले जग्गा खरिद गरेको दाबी नपुग्ने पीडित पक्षको भनाई छ ।

सुनारले जग्गा फिर्ता दिलाइदिन जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारसमक्ष माग गर्दै आएका थिए । उनका बाबु पदमलाल सुनारको २०६३ सालमा मृत्यु भइसकेको छ । पीडक भनिएका शाक्यको बुवाले जग्गा राजीनामा गरेर लिएको र उनको पनि मृत्यु भइसकेको जनाइएको छ ।

शाक्यले मालपोत कार्यालयमा गई एकपटक राजीनामाको लिखत लेखाईसके पश्चात रकम बुझीलिई जग्गा फिर्ता गर्नुपर्नेमा पछि ब्याजको बिषयमा बिवाद गरी मोठ रोक्का भिडाई जग्गा भने फिर्ता नदिई गएको पीडित सुनारको भनाई छ । ५० हजार ऋण ५ वर्षमा सावा र ब्याज गरी २ लाख हुन पुगेको र ३० हजार पैसा नपुग्दा पछि दिन्छु भनेको अवस्थामा शाक्यले राजीनामा गराई जग्गा हडपेको सुनारको आरोप छ ।

## हुप्रचौर सरसफाई अभियानमा जुट्यो ४ नम्बर वडा

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/हेटौंडा उपमहानगरको बीच भागमा रहेको खुलाचौर हुप्रको सरसफाई अभियान थालिएको छ । यसअघि बेलाबखत सामाजिक संस्थाहरुले कार्यक्रम मनाउन सरसफाई कार्यक्रम गर्दै आएको हुप्रचौरमा अब निरन्तर सर सफाई अभियान चल्ने भएको छ ।

हेटौंडा उपमहानगर पालिका-४, स्थित लोकतान्त्रिक चौर (हुप्र)को वृहत सरसफाइ अभियानको थालनी ४ नम्बर वडा कार्यालयको आयोजनामा भएको हो । शुक्रबार बिहान प्रदेशसभा सदस्य तथा नेकपा एमालेकी केन्द्रीय सदस्य भारती पाठकको प्रमुख आतिथ्यता तथा वडाअध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा सर सफाई अभियानको सुरुवात गरिएको हो । 'हाम्रो हुप्र, राम्रो हुप्र-सफा हुप्र, सुन्दर हुप्र' भन्ने मुल नाराका साथ शुक्रबार औपचारिक कार्यक्रमको आयोजना गरी हुप्र सरसफाइ अभियानको थालनी गरिएको वडाध्यक्ष सिग्देलले जानकारी दिए ।

वडा कार्यालयको नेतृत्वमा टोल विकास संस्थाहरु, जिल्ला खेलकुद विकास समिति, विभिन्न खेलकुद संगठनहरु, सामाजिक अभियान सञ्जाल हेटौंडा-४, गैरसरकारी संस्थाहरु, रोटरी, लायन, जेसीज, पताञ्जली योग समिति, मकवानपुर, हिमालयन राइडर्स सोसाइटी मकवानपुर, भेट्रान्स क्लब सहित सुरक्षा निकायको सहयोगमा बृहत् सरसफाइ अभियान सुरु भएको अध्यक्ष सिग्देलले जानकारी दिए । यस अभियानलाई निरन्तरता दिन र हुप्रलाई सफा सुन्दर बनाउनको लागि स्मार्ट बागमती नामक संस्थासँग ४ लाख ९३ हजारमा आगामी आसार मसान्तसम्म ठेक्का सम्झौता गरिएको उनले बताए । संस्थाले हुप्र सरसफाई गर्ने कार्य गर्दछ ।

## बुढीचौरमा ग़ोठ र खेतबारीको स्थलगत निरीक्षण

हेटौंडा, १७ चैत/स्थानीय तह गठन पश्चात कृषि र पर्यटन विकासमा सम्भावना खोज्दै आइरहेको मकवानपुरगढी गाउँपालिका वडा नम्बर ८ बुढीचौरमा गाउँपालिका कार्यालय र बैंकले निरीक्षण गरेका छन् ।

बुढीचौरस्थित एकता स्वाबलम्बन कृषि सहकारी संस्था मार्फत् २० जना कृषकले तरकारी खेती तथा पशुपालनको लागि सहुलियत दरको कृषिकर्जा किसान कर्जा कार्ड माग गरे बमोजिम कृषकले संचालन गरिरहेको वर्तमान अवस्थाको वारेमा जानकारी लिन स्थलगत निरीक्षण गरिएको थियो । बुढीचौरका कृषकको गोठ तथा खेतबारीको मकवानपुरगढी गाउँपालिका कार्यालय र स्थानीय वित्तिय संस्था नबिल बैंक लिमिटेड मक्राञ्चुली शाखाले स्थलगत निरीक्षण गरेका हुन् ।

गाउँपालिका अध्यक्ष दोर्जे स्याङ्तानले स्थानीय कृषकसँग कृषि क्षेत्रको सम्भावना बारे अन्तक्रियासमेत गरेका थिए । गाउँपालिकाका अध्यक्ष स्याङ्तानको नेतृत्वमा गरिएको निरीक्षणमा ८ नम्बर वडाका वडाध्यक्ष कुमारसिं घिसिङ, नबिल बैंकका शाखा प्रबन्धक पुष्पराम महतो, कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी, कृषि प्राविधिक निर्मला देवकोटा, सहकारी संस्थाका पदाधिकारीहरु र कृषकहरुको सहभागिता रहेको थियो ।

## सहकारी दिवस मनाईदै

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/ हेटौंडामा आज शनिवारदेखि ६६ औं सहकारी दिवस विभिन्न कार्यक्रम गरी मनाउने भएको छ ।

हरेक बर्षझैं यसवर्ष पनि दिवस मनाउन लागिएको हो । बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेशस्तरमा सहकारी दिवस मनाउनको लागि राष्ट्रिय सहकारी महासंघका सञ्चालक तथा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन भएर तयारी पनि पूरा भइसकेको छ । समितिले बागमती प्रदेशभरका सहकारी संघ संस्थाले सहकारी दिवसलाई प्रभावकारी रुपले सञ्चालन गर्न जिल्लास्तरमा निर्देशन समेत दिएको थियो । दिवसमा यसबर्षको नारा 'सहकारीको दिगोपन, स्वनियमन र सुशासन' रहेको छ ।

दिवसका अबसरमा ब्यानर राख्ने, सामाजिक संजालमा शुभकामना आदानप्रदान गर्ने, संचारमाध्यममा बर्तमान अवस्थामा सहकारीको अवसर चुनौती बिषयमा लेख अन्तर्वार्ता प्रकाशन, प्रशारण गर्ने, चैत १८ गते रक्तदान कार्यक्रम गर्ने, १९ गते मानवसेवा आश्रम हेटौंडामा खाद्यान्न बितरण गर्ने, २० गते भुटनदेवि मावि हेटौंडाको चौरबाट प्रभातफेरी सहित बजार परिक्रमा गरी पल्पसा हलमा प्रवचन, पुरस्कार वितरण गर्ने र २० गते साँझ प्रदेश भरका सहकारी संघसंस्थाको कार्यालयमा दीपप्रज्वलन सहित सहकारी दिवसको समापन गर्ने कार्यक्रम रहेको मूल कार्यक्रम संयोजक देवकोटाले बताए ।

६६ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको सचिवालय बैठकले सहकारी दिवस भव्यताका साथ मनाउन विभिन्न समितिको गठन गरेर तयारी गरेको थियो । १८ गते बुद्धचोकमा हुने रक्तदान कार्यक्रमको संयोजन गर्नको लागि जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, नेफस्कुन फिल्ड कार्यालय हेटौंडा, राष्ट्रिय सहकारी बैंक हेटौंडालाई जिम्मेवारी तोकिएको छ । यसैगरी १९ गते मानबसेवा आश्रम हेटौंडामा खाद्यान्न वितरणको लागि मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, कृषि सहकारी संघ मकवानपुरलाई जिम्मेवारी तोकिएको छ ।

मकवानपुर जिल्लाका विषयगत सहकारी संघहरुले उपलब्ध गराउने स्वयंसेवकको संयोजन गर्ने गरी जिल्ला बहुउद्देश्यीय सहकारी संघका व्यवस्थापक महेश अधिकारी संयोजक रहनेगरी स्वयंसेवक व्यवस्थापन समिति गठन गरेको छ । साथै जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका व्यवस्थापक सुमित्रा कुमारी वाईबाको संयोजकत्वमा मकवानपुर जिल्लाका विषयगत सहकारी संघहरुका व्यवस्थापकहरु रहने गरी मूल समारोहको मञ्च व्यवस्थापन समिति गठन गरिएको छ ।

सहकारी दिवसको मूल कार्यक्रम प्रभातफेरी ऱ्याली सहितको प्रवचन कार्यक्रमको मूल्यांकन गर्न वीरेन्द्रप्रसाद ढुंगानाको संयोजकत्वमा पुरुषोत्तम मिश्र, हिमप्रसाद पौडेल, बिमला कार्की, शर्मिला महत सदस्य रहनेगरी मूल्यांकन समिति गठन गरेको छ । बैठकले सहकारी दिवसको प्रचार प्रसारको लागि राजकुमार केसीलाई प्रेस संयोजकको जिम्मेवारी दिएको छ । सहकारी दिवसको अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने मूल समारोह समिति कार्यालय सचिव गोबिन्द दाहालले जानकारी दिए ।

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरु** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

९८४५२६९७१३/९८४५०२०९५१

९८५५०३०९५१ (whatsapp)

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.


हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# कहाँ अल्झियो फाइभ–जी सेवा ?




विश्वभरि नै अहिले फाइभजीको योजना निर्माण, लाइसेन्स प्राप्ति, नेटवर्क डिप्लोयमेन्ट, ट्रायल र लन्चमा लगानी हुँदैछ । करिब सय देशमा कुनै न कुनै रुपमा फाइभजी चलिसक्यो । नेपालमा भने सरकारी स्वामित्वको नेपाल टेलिकमले फाइभजी परीक्षणको अनुमति पाएको १६ महिना बितिसक्दा पनि अलमल छ ।

२०७८ मंसिरमा अनुमति पाएको नेपाल टेलिकमले अझै फाइभजी सेवा सर्वसाधारणको पहुँचमा ल्याएको छैन । गत १७ पुस र २२ माघ गरी २ पटक भाका सारेको टेलिकमले परीक्षणका लागि सार्वजनिक रुपमा फाइभजी सेवा थाल्न ढिलाइ गर्दा प्रतिक्षारत सेवाग्राही निराश छन् ।

सरकारी कम्पनीको यस्तो अलमलले निजी सेवा प्रदायकहरुलाई फाइभजी सेवा थाल्ने अनुमति दिन नेपाल दूरसञ्चार प्राधिकरणलाई समस्या भएको छ । निजी सेवा प्रदायक एनसेलले त प्राधिकरणमाथि सार्वजनिक रुपमा अन्याय गरेको आरोप नै लगाइसकेको छ ।

प्राधिकरणले टेलिकमलाई फाइभजी परीक्षणका लागि २६ मेगाहर्ज ब्यान्डमा ६० मेगाहर्ज फ्रिक्वेन्सी दिएको छ । सुरुमा उपकारण र प्रविधि आयातकर्तासँग वार्ता र सामान आपूर्ति गर्न नै टेलिकमले ढिलाइ गरेको थियो । आएका समान जडान गरेर प्रविधि सार्वजनिक परीक्षण थाल्न पनि अझै सकेको छैन ।

चिनियाँ कम्पनीमार्फत तयारी सकेर परीक्षण गर्न लागिएकाले फाइभजीमा अमेरिकी चासो भएकाले पनि रोकिएको चर्चा छ । तर, टेलिकमले भने अरू नै कारणहरू देखाइरहेको छ ।

टेलिकमका अनुसार टेलिकममा फाइभजीको रेडियो एक्सेस नेटर्वक (र्‍यान) र ‘कोर’तर्फको आपूर्तिकर्ता फरक छन् । दुवैलाई आपसमा जोड्न पनि टेलिकमले सकस भोगेको थियो ।

अझ फाइभजी सपोर्ट गर्ने मोबाइल डिभाइसको इकोस्टिम तयार गर्न पनि लाग्नु परिरहेको टेलिकमको भनाइ छ । फाइभजी चल्ने डिभाइसमा टेलिकमको फाइभजी सपोर्ट गर्ने बनाउन समय लिनु परेको कम्पनीको दाबी छ । टेलिकमका उपप्रवन्ध सुजित आनन्द मल्लले डिभाइसका कारण परेको समस्याबारे एक सार्वजनिक कार्यक्रममा खुलासा गरेका थिए ।

‘मोबाइल निर्माताहरूले फाइभजी सपोर्ट गर्ने डिभाइस बनाएपनि नेटवर्क अपरेटरको सिस्टम कस्तो छ भन्ने कुरा नबुझिकन त्यसमा फाइभजी खोल्दैनन् । अर्थात् फाइभजी चल्ने सबै कुरा तयारी अवस्थामा राखेर पठाउँदैनन्,’ उनले भनेका थिए, ‘फोरजी र फाइभजीमा विशेष परीक्षण गर्न अहिले आइफोनसँग वार्ता भइरहेको छ ।’

एप्पलले सम्बन्धित मोबाइल सेवाप्रदायकले राम्रो गुणस्तरको नेटवर्क दिएको सुनिश्चितता गरेपछि मात्रै आफ्ना सेटहरूमा फाइभजी चल्न सक्ने बनाइदिने गरेको मल्ल बताउँछन् । कमसल नेटवर्कका कारण ब्रान्डको साख नघटोस् भनेर यस्तो गर्ने गरिएको हो ।

मल्लका अनुसार, भारतमै पनि ४ महिना लागेको यस्ता प्रक्रियाले नेपालमा फाइभजी परीक्षण ढिलो हुन गएको हो । सामसङ, ओप्पो, लगायतमा पनि परीक्षण भइरहेको उनको दाबी छ ।

नेपालमा उपलब्धमध्ये साओमीको पोको मोडलको फोनमा फाइभजी चल्न सक्ने देखिएको छ । सबै डिभाइसमा परीक्षण सकिएपछि सर्वसाधारणमा फाइभजी सुरु गर्ने योजना रहेको टेलिकमको भनाइ छ ।

‘फाइभजीका लागि बेस स्टेसनहरू करिब करिब तयारीमा अवस्थामा छन् । मुख्य गरेर फाइभजी सपोर्ट गर्ने डिभाइसहरू छैनन्,’ उपप्रबन्धक मल्ल भन्छन्, ‘डिभाइस नहुँदाको अवस्थामा सर्वसाधारणले समेत चलाउन पाउने गरी फाइभजी सुरु गर्ने हो भने भोलि हामीले नै गाली खान्छौं । तर हाम्रो कारण भन्दा पनि नेटवर्क सपोर्ट गर्ने डिभाइस नहुँदा परीक्षणमा ढिलाइ हुन पुग्यो ।’

पूरा तयारी सकेर परिपक्व अवस्थामै सेवा थाल्नुपर्ने भएकाले टेलिकम सही समयको पर्खाइमा रहेको उनी बताउँछन् ।

दूरसञ्चारविज्ञ आनन्दराज खनाल सन् २०२३ सम्म विश्वभर एक अर्बभन्दा बढी फाइभजी कनेक्सन हुने अनुमान गरिएको बताउँछन् । २०२० देखि २०२५ बीचमा पाँच अर्बभन्दा बढी फाइभजी फोन बजारमा आउने र २०३५ सम्म फाइभजीले विश्वव्यापी बिक्रीका गतिविधि १३१ खर्ब अमेरिकी डलरले बढाउने अनुसन्धानले देखाएको उनले बताए ।

खनालका अनुसार, विश्वभर २२५ भन्दा बढी कम्पनीले फाइभजी डिभाइस उत्पादनको घोषणा गरेका छन् । अहिले ८५० भन्दा बढी मोडेलका फोन बजारमा व्यवसायिक रुपमा नै उपलब्ध भइसकेका छन् ।

‘जनवरी २०२२ यता यस्ता डिभाइसहरूको संख्या उच्च रुपमा बढेको छ,’ खनाल भन्छन्, ‘फाइभजी चल्ने ह्यान्डसेटको इकोसिस्टम पनि सुधारिंदै गएको छ ।’

सवाल फाइभजी परीक्षण गर्ने मात्रै छैन, कहिलेदेखि व्यावसायिक रुपमा फाइभजी सेवा सुरु गर्ने भन्ने पनि छ । दूरसञ्चार विज्ञहरु नेपालले तुरुन्तै फाइभजीमा लगानी गरेर ठूलो प्रतिफाल हात पार्न सक्ने अवस्था देख्दैनन् ।

फाइभजीमा ठूलो लगानी गर्नुअघि फोरजी परियोजनाको समीक्षा गर्नुपर्ने दूरसञ्चार विज्ञ खनाल बताउँछन् । टेलिकमको फोरजी एलटीई नेटवर्कको कूल क्षमता उपयोग करिब २५ प्रतिशत मात्र रहेको सुनिएको भन्दै उनले फाइभजीमा लगानी गर्नुअघि यस्ता पक्षको समीक्षा आवश्यक रहेको बताए ।


‘फोरजी नै राम्रोसँग नचलेको अवस्थामा फाइभजीमा जानु भनेको हतारो मात्रै हो’ उनी भन्छन् ।

फोरजीको तुलनामा ठूलो लगानी हुने भएकाले प्रतिफलको पक्ष हेरेर मात्रै यसमा लगानी गर्नुपर्ने अवस्था रहेको मल्ल स्वीकार्छन् ।

‘क्षमता र प्रविधिअनुसार फोरजीको भन्दा फाइभजी धेरै उन्नत भएकोले यसमा लगानी पनि बढी हुन्छ । प्रतिफल सुनिश्चित भएपछि मात्रै लगानी गर्नुपर्छ,’ उपप्रबन्धक मल्ल भन्छन्, ‘सुरुमा फाइभजीमा प्रयोगकर्ता धेरै नहुने भएकाले विस्तारै फोरजीबाट जाँदा ठूलो लगानी घटाउन सकिन्छ ।’

**यौन/जीवनशैली**

# गर्भ बसेको प्रारम्भिक लक्षण र संकेतहरु



गर्भावस्था हरेक महिलाको लागि जीवनको एक सुन्दर चरण हो । साथै कतिपय विवाह अघिको यौन सम्पर्कबाट बस्ने गर्भ आफैंमा झण्झटिलो पनि हुन सक्छ । यस्तो अवस्थामा खुसीको लागि होस् या त अरु अवस्थामा नै । समयमै गर्भ रहेनरहेको जानकारी राख्नु आवश्यक हुन्छ । कुनै पनि महिलामा मासिक धर्ममा आउने रोकावट नै गर्भ रहेको सबैभन्दा प्रारम्भिक लक्षण हो । यसको अर्थ मासिक धर्म रोकिनुलाई नै गर्भ बस्यो भनेर बुझ्नु भने उपयुक्त हुँदैन ।

सामान्यतया यौनपछि जब गर्भधारण हुन्छ । अत्यन्त कम महिलामा मात्रै यस्तो लक्षणहरु देखिन थालेको छ । यसको कारण यो हो कि हिजोआज बजारमा पाइने प्रेग्नेन्सी टेस्ट किटको प्रयोग गरेर गर्भको बारेमा जानकारी लिने गर्छन् । कतिपयमा भने यौनसम्पर्कको १० दिनमा केही लक्षण महसुस हुने गर्छ । जस्तो, थकान, लगातार पिसाब आउनु, शारीरिक तापमान बढ्नु, स्तनमा हुने समस्या जस्ता लक्षण देखिन सक्छ ।

**गर्भावस्थाको सुरुआती लक्षण हरेक महिलामा एउटै हुन्छ समानता ?**

प्रेग्नेन्सीको सुरुआती लक्षण हरेक महिलामा समान हुँदैन । यो यसकारण पनि हो कि हरेक महिलाको शरीरको प्रकृति अलग अलग हुने गर्छ । गर्भ रहेको भनेर जुन सामान्य लक्षणलाई हामीले मान्ने गर्छौं । ती लक्षणहरु अन्य कारणले पनि हुन सक्छ । तल उल्लेख गरिएको प्रारम्भिक लक्षणहरुले गर्भ रहेको संकेत मात्रै गर्छ । यसको पुष्टिको लागि भने टेस्ट गर्नै पर्छ ।

**गर्भावस्थाको प्रारम्भिक लक्षण के-के हो ?**

गर्भ रहेको चिनिने सुरुआती लक्षण के हुन्छ ? यसको बारेमा गरिएको एक सर्भेक्षणले केही लक्षणको बारेमा संकेत गरेको छ । यस सर्वेको आधारमा महिलाहरुको मत तल उल्लेख गरिएको छ ।

- उक्त सर्वे अनुसार २९ प्रतिशत महिलाहरूले बताएका छन् कि महिनावारी रोकिनु गर्भवती हुनुको पहिलो लक्षण थियो ।
- २५ प्रतिशत महिलाले वान्ता हुनुलाई गर्भ र हनुको लक्षण मानेका थिए ।
- १७ प्रतिशत महिलाले स्तनको आकारमा आउने बदलाव नै गर्भको लक्षण मानेका छन् ।
- बाँकी ३ प्रतिशतले मात्रै अन्य कारण मानेका छन् ।

**कति दिनमा देखिन्छ गर्भावस्थाको लक्षण ?**

महिलाको महिनावारी निर्धारित मितिभन्दा एक सातासम्म लम्बियो भने त्यसपछि सम्भावित गर्भावस्थाको संकेत मान्न सकिन्छ । यसबाहेक केही लक्षण र त्यसको समयलाई तल उल्लेख गरिएको छ ।

**हल्का ऐठन हुनु**
- गर्भावस्थाको पहिलो देखि चौथो सप्ताहसम्म

**महिनावारी रोकिने**
- गर्भावस्थाको चौथो हप्ता

**थकानको महसुस हुनु**
- गर्भावस्थाको पाँचौ हप्ता

**स्तनमा दुखाइ, संवेदनशीलता र बदलाव**
- गर्भावस्थाको ४ देखि छैठौं हप्तासम्म

**लगातार पिसाब आउनु**
- गर्भावस्थाको चौथोदेखि छैठौं हप्तासम्म

**पेट फुलिनु**
- गर्भावस्थाको चौथोदेखि छैठौं हप्तासम्म

**उल्टी आउनु वा मोसन सिकनेस**
- गर्भावस्थाको पाँचौदेखि छैठौं हप्तासम्म

**शारीरिक तापमानमा परिवर्तन**
- गर्भावस्थाको छैठौं हप्तासम्म

**उच्च रक्तचाप हुनु**
- गर्भावस्थाको आठौं हप्ता

**स्तन वा निप्पलमा परिवर्तन -**
गर्भावस्थाको ११ औं हप्ता

**लगातार वजन बढ्नु -**
गर्भावस्थाको ११ औं हप्ता

**गर्भावस्थाको कारण अनुहारमा चमक आउनु**
- गर्भावस्थाको १२ औं हप्ता

**गर्भ रहेको जस्तै लक्षण देखिने अरू कारण**

महिनावारी रोकिनु या यसमा ढिलाइ हुनुको पछि निम्न कारणहरु हुन सक्छन् ।

-हार्मोनल असन्तुलन
-तेज रूपमा वजन कम हुनु
-थकान
-कसरतको प्रक्रियामा बदलाव
-तनाव र चिन्ता
-विभिन्न बिरामीहरू

**मर्निङ सिकनेसको अन्य कारण**

-विषाक्त भोजन, -चिन्ता
-अन्य पेट सम्बन्धी समस्या

**स्तनमा हुनेवाला परिवर्तनको कारण**

-हार्मोनल असन्तुलन
-अधिक महिनावारी

**साहित्य**

# ल्याङ फ्याङ

व्यंग्य



शेखर वास्कोटा

अति सुन्दर रमणीय हाम्रो हेटौडा । आफू जन्मे हुर्केको ठाउँ भएर हो की खै किन हो जहाँ गएपनि कैले हेटौंडा आएर बसौ जस्तो हुन्छ । जननी जन्मभूमि...भन्या जस्तो अन्नय प्रेमिल लाग्छ हाम्रो हेटौडा । ले...ले जनता खुकुरीले फलानोलाई छप्काई भनेर नारा लाएर ल्याएको प्रजातन्त्र हामीले कत्तिको गर्व गर्न पाएका छौ त ?

करिव छ्यालिस उपरान्त यो होटौडाको बस ड्राइभर यिनै प्रजातान्त्रिक लाईसेन्स धारीले हुइक्याएको छन् । करिब तेत्तिस चौविस बर्षको अवधिमा रापतीको पानी धेरै बगे । कर्राले धेरै छोयो अनि सामरीले पनि खुवै पखाल्यो । करिब चालिस बर्षको अवधिमा यी प्रजातन्त्रिक काम शिला भनउदाहरुले यी गणतन्त्रको लाउकेहरुले के के लछारपाटो लाए त हाम्रो हेटौडामा कति किलोमिटर नाला खनेकति हजार रुख विरुवा रोपे ? राम्रोलाई राम्रो भन्न कदापी संकुचित मान्नु हुदैन, ऐतिहासिक धरोहर शहिद पार्क स्मारक बनेकै हुन् । मेनरोडमा अशोकका विरुवा रोपिएकै छन् अनि स्ल्याब ढलान चाही बग्रल्ती बनेको छिन् । विकासका यी चरम उत्कर्षक हेटौंडा दंग परेर हाँसिरहेछ । हाँस्न पनि कति सकेको हेटौंडा बजारका बिचोलिया करिब सत्र वटा बसपार्क छन् । अटो स्ट्याण्ड कती कती । म्याजिकका कुरै नगरौ । अति सुन्दर छ हे हाम्रो हेटौंडा मान्छे हिड्ने पैदल यात्रुका व्यवस्था देख्दा जो कोही पनि आश्चर्य चकित हुन स्वभाविकै मान्नु पर्छ । मानिस भन्ने प्राणीका हिड्डुल गर्ने ठाउँमा भटभटे मर्मत सेन्टर त्यो आफैमा एउटा उदाहरणीय कार्य हो भनेर कसरी नभन्ने ?

हामी आफ्नो योगदान हामी आफैले नै मूल्याङ्कन गर्न नसकेर अरु थप सुन्दरता थपिएको थपियै छ । म राप्रपा, म कांग्रेस, म एमाले, जे भएपनि चुनाव पछिका जनप्रतिनिधी कुनै पार्टीका हुँदैनन् । बर्षौ भयो टिसिएन रोडमा बाटो नबनेको यो बाटोको उपभोग गर्ने त्यस क्षेत्रका बासिन्दाको स्वास्थ्य अबस्था त्यो धूवाँ र धूलोले पारेको असर के हाम्रा जनप्रतिनीधि बेखबर छन्। तिमीहरुलाई खबर जानकारी छ भने किन नबनाको ? विजुली का तार हेर्‍यो तेस्तै छ ।

हेटौडा-११ नवलपुरमा विजुलीका तार हरु यत्रतत्र लत्रिएका झुण्डिएको अबस्थालाई यहाँका जनताले हजारै पटक डेलिगेसन गएर पटकपटक ताकेता गर्दा पनि नबनाउन यो प्राधिकरणको आफ्नै सुन्दरताको बयान नगरौं होला । दिनमा १७ पटक भन्दा बढी विजुली गायब हुन्छ । त्यो कुरो पनि यहाँ उल्लेख नगरौ । मानौ यो सुन्दर नगरीमा चालिसौ वर्षदेखि शाषन सत्ताको बागडोर सम्हालेका अत्यन्त भिजनधारी जन प्रतिनीधीको बयान म यहाँ उल्लेख गर्दीनँ । बाँकी कुरो आफै बुझौं । हाम्रा प्रतिनिधि कति कति लायक र नालयक भनेर ।

कि बढि भो ?

# मान्छेको खोजी

नारायण मरासिनी
ज्यागदीखोला, स्याङ्जा, हाल: पोखरा

आफ्नै रगतमा रातो भए जस्तो म मान्दिन
आफ्नै शरीरमा तातो भए जस्तो म ठान्दिन

लिन्थें गर्जनले सातो वैरी तर्सेर भाग्दथे
थिए साथ दिने आफ्ना मान्छे उर्लेर लाग्दथे

चुनौती सामना गर्दै सुरिन्थें दिनका दिन
दाह्रानङ्ग्रा गुमाएको बाघ जस्तो भएँ किन ?

के अचम्म भयो यस्तो जोस मेरो गयो कहाँ ?
मान्छेकै बिचमा मान्छे देख्दिन म समाजमा !

न छु रोगी रतन्धोको न छन् नयनमा फुला
आफ्नै मान्छे म देख्दै छु साँढेभन्दा ठुला ठुला !

देख्छु हिमालमा कालो उस्तै मधेसमा दुलो
कालापानी र सुस्तामा देख्छु विषादको धुलो

लुटिँदा खोरका बाख्रा लुटिँदा भाइको सुख
लुटिँदा गोठका भैंसी किन खुल्दैन यो मुख ?


छ जिब्रो ठाउँमा आफ्नै लाटो झैं आजका दिन
लुटिँदा धानका फाँट बोल्न सक्दिन मै किन ?

किन दुख्दैन यो छाती छोरी आफ्नै हराउँदा
सुन्दैनन् किन यी कान भ्याउसुलो कराउँदा !

किन यस्तो भएँ ऐले संवेदना हराउँदै
गयो कहाँ मभित्रैको मेरो मान्छे डराउँदै ?

कथा

# पत्रमा के लेखिएको थियो ?



विश्वराज अधिकारी

मैले यो जिन्दगीमा धेरै किसिमका घटनाहरू देखेको छु, भोगेको छु । तर अस्ति, एक हप्ता पहिले घटेको घटनाले मेरो विचारको रूख नराम्रो गरी हल्लाइ दियो । मैले उत्तरबाट दक्षिण बग्ने बागमतीलाई दक्षिणबाट उत्तर बगेको देखें । यस्तो देखेपछि जो पनि तिन छक्क पर्न सक्छ । के म मात्र पर्न सक्छु र ?

भएको थियो यस्तो ।

मेरो आफ्नै काका, नरेश काका बेला बेलामा गंभिर किसिमले बिरामी पर्न थालेको पाँच वर्षभन्दा बढी भएको थियो ।

एक वर्ष पहिले म उहाँलाई भेट्न जाँदा उहाँ शरिरीक रूपमा मात्र होइन मानसिक रूपमा पनि अति नै गलेको देखिनु भएको थियो । अस्पतालबाट डिस्चार्ज भएर घर आएको केवल एक दिन भएको थियो । खास रोग के हो भन्ने पत्ता भने लागेको थिएन ।

दुई महिना पहिले नरेश काकालाई भेट्न जाँदा भने अस्पतालमा भेटेको थिए । सर्जिकल वार्डको शैयामा पल्टेको काकालई उहाँको हिम्मत वृद्धि गर्ने अभिप्रायका साथ मैले भने, “काका आशा मार्नु हुदैन । मन बलियो पार्नु पर्छ । क्यान्सर भएर पनि मान्छेहरू वर्षौंसम्म बाँचेका छन । तपाइँको क्यान्सर पहिलो स्टेजमा छ रे । अप्रसेन भए पछि निको हुन्छ रे । त्यो क्यान्सर फेरि दोहरिदैन । फेरि क्यान्सर हुँदैन । त्यसकारण मन बलियो पार्नुस । हिम्मत बढाउनुस । बलियो मन, र म अहिले मर्दिन भन्ने बलियो इच्छा शक्तिले रोगलाई परिजित गर्छ । यो मेरो भनाइ होइन, मेडिकली प्रुभ कुरा हो ।”

मेरो कुरा सुनेर काकाले मुहार हँसिलो पार्ने प्रयास गर्नु भयो । तर त्यो प्रयास सफल हुन सकेन । कतै दु:खेको हुनाले उहाँको मुहारमा पीडा र चिन्ता एकै पटक प्रतिविम्बित भयो । पीडालाई पुन: दबाउन खोज्दै भन्नु भयो, “शिरिष, मलाई मृत्युको भय छैन । एक दिन त मर्नु छ नै । यो यथार्थलाई मैले भूलेको छैन । यो जीवन मृत्युको चक्करलाई जत्ति बुझ्यो मृत्यु त्यतिनै सजिलो हुने रहेछ । एक किसिमले भन्ने हो भने मैले मृत्युमाथि विजय प्राप्त गरेको छु । त्यैपनि हेरौ, अन्तिसाँस छोड्ने बेलामा मेरो मनस्थिति कस्तो हुन्छ ।” यति भनेर काकाले गीताको यो श्लोक भन्नु भयो,

“न जायते म्रियते वा कदाचिन्
नायं भूत्वा भविता वा न भूय:
अजो नित्य: शार्श्वतोक्यं पुराणो
न हन्यते हन्यमाने शरीरे”

काकाले आफूले भनेका श्लोकहरूको अर्थ पनि प्रष्ट पार्नु भयो ।

“यो जीव आत्माले कहिले पनि जन्म लिन्दैन र कुनै पनि समयमा मर्दैन पनि । जब शरीको रचना हुन्छ तब पनि यो आउँदैन । यो आत्मा अजन्मा छ, नित्य छ, अनाशवान छ र समयको घेराभन्दा बाहिर छ । शरीर नाश हुँदा यो कहिले पनि नाश हुँदैन ।” यति भनेर काकाले आफ्नो बेडमाथि रहेको छतलाई घोरिएर हेर्नु भयो, केही बेरसम्म ।

“बुझेउ शिरिष, एउटा चिन्ताले भने मलाई शान्तिसँग मर्न देला जस्तो छैन बरू ।” काकाले नयां प्रशङ्ग झिक्नु भयो ।

मैले प्रश्न गरे, के त्यस्तो चिन्ता हो, काका ?”

“मेरी धर्मपत्नीप्रतिको चिन्ता । तिम्री काकी रन्जु प्रतिको चिन्ता ।”

“हाम्रो यो नेपाली समाजमा, चार ओटा छोरा, चार ओटा बोहारी भएको भाग्यमानी मान्छेको लागि पनि चिन्ता गर्नु पर्छ र?”

मैले थपे, “छोरा बोहारीहरूले सुखसँग राख्छन काकीलाई । तपाइँले चिन्ता गर्नु पर्दैन, काका ।”

“मेरा सबै बोहरीहरू स्वार्थी छन् । केवल आफ्नो सुखलाई नै जीवनको ठूलो उपलब्धि ठान्छन । सम्पत्ति र सुख बटुल्नमा बोहारीहरू बीच जहिले पनि प्रतिस्पर्धा हुन्छ । यस्तै भएर यिनीहरूलाई भिन्न गरिदिएँ । आफ्नो मानो चामल खाएर सुखी रहुन भनेर । तर के गर्नु ? अझै पनि खुसी छैनन । छोराहरू पनि भलादमी छैनन् । यस्ताहरूले के विचार गर्लान तिम्रो काकीलाई । सोझी रन्जुले बुढेस कालमा दु:ख पाउने भइन । म त हातखुट्टा चल्दामा नै महायात्रामा जान्छु । रज्नुले महायात्रामा जानु भन्दा पहिले कत्ति दु:ख पाउने हुन कुन्नी? सुनिन्छ आजभोलि छोरा बोहारीहरूले आमा बाबुलाई वृद्धाआश्रमतिर पठाउँछन रे । फर्केर कहिले हेर्न जाँदैनन पनि रे ।”

यति भनेर काकाले लामो साँस फर्नु भयो र केही भन्न बिर्से झै गरी भन्नु भयो, “छोरीहरू भएको भए जाती हुने थियो । म यो अधबैंसे उमेर, साठ्ठि वर्षेको उमेरमा परलोक पुगे पनि छोरीहरूले रन्जुलाई हेर्ने थिए, छोरीहरू भइदिएका भए हुने । यी नालायक छोराहरूले हेर्लान भन्नेमा मलाई रत्ति पनि विश्वास छैन । बोहारीहरूले त झन सासुलाई गलगाँड सम्झेका छन । हामीलाई पालै पालो चारबटै छोराहरू कहाँ बस्न सुझाएका थिए, हामी मानेनौ । हातखुट्टा चल्दासम्म तिमीहरूको भार भएर बस्दैनौ भनेउ । तिनीहरू कहाँ बसेनौ पनि ।”

काकाले थप्नु भयो, “यो आधुनिक युग हो । यो वैष्य युग हो । उपभोक्तावादले थिचेको र विवेक हराएको युग हो । यो आधुनिक युगमा यस्तै हुन्छ । केवल आफ्नो व्यक्तिगत सुखलाई सर्वोपरि ठान्नु नै उच्च बौद्धिकता परिचय हो ।”

मेरो उपस्थिति लामो समयसम्म भएमा काकाले अझै मन दु:ख्ने कुराहरू झिकेर आफूलाई झनै दु:खी पार्नु होला भन्ने अनुमान गर्दै काकाबाट बिदा लिने मैले निधो गरे । चलिरहेको कुराकानीको सिलसिलालाई तोड्दै मैले भने, “काका, यो अस्पतालबाट मेरो घर पुग्न झन्डै तिन घण्टा लाग्छ । काठमाडौंको सडक जामको के कुरा गर्नु घर पुग्दा रातीको आठ बज्ने हो कि ?”

म कुर्सीबाट उठेर कोठाबाट बाहिरिने उपक्रममा लागें ।

काकाले मेरो हात समात्दै भन्नु भयो, “मेरो एउटा अनुरोध छ । मेरो एउटा सानो काम गरि दिन्छौ?”

“किन न गर्नु काका? अवश्य पनि गर्छु ।” मैले आश्चर्य प्रकट गर्दै भने ।

सिरानीमा राखेको खाम झिक्दै काकाले भन्नु भयो, “शिरिष, यो खाम भित्र पत्र छ । यो पत्र तिमीले तिम्रो काकीलाई दिनु । रन्जुलाई दिनु । तर अहिले होइन नि, मेरो मृत्यु पछि दिनु, है ।”

मैले केही पनि बोलिन । केवल आश्चर्य मान्दै काकातिर हेरे मात्र ।

“मैले भने अनुसार नै तिमीले गर्नु पर्छ । अनि यो पत्रबारे काकी बाहेक अरू कसैलाई न भन्नु नि ! वाचा गरे । ” काकाले भन्नु भयो ।

“हुन्छ ।” मैले काकाको वाचा अवश्य पनि पुरा गर्ने वचन दिएँ । काका अब केवल बढीमा एक महिना बाँच्ने भनी डाक्टरले काकीलाई भनेको कुरा काकाले थाहा पाइ सक्नु भएको रहेछ भन्ने मैले अनुमान पनि गरे । आफ्नो आँखामा भरिन थालेको आँशुलाई बडो गार्हो गरि मैले रोकें ।

पाटन अस्पतालबाट सरस्वती नगरस्थित मेरो घर पुग्दा रातीको आठ बजिसकेको थियो । गैसको सिलिण्डर खोज्न हिंडकी मेरी पत्नी मधु घर आइपुगेकी थिनन ।

पाटन अस्ततालमा भर्ना भएका नरेश काकालाई हरेरे म फर्केको दुई हप्ता भइसेको थियो ।

अब म एक हप्ता पहिले के भयो त्यसबारे भन्छु । तो त्यो घटनाले मेरो विचार कसरी दुधमा अमिलो हालेझै भएको थियो त्यो म भन्छु ।

एक हप्ता पहिले म रन्जु काकी कहाँ गएको थिएँ । स्वर्गीय नरेश काकाको तेरौं दिनको काम सकिएको एक हप्ता भएको थियो । काकीले एक्लो बस्न रोज्नु भएकोले उहाँलाई भेट्न म उहाँको डेरामा पुगेको थिएँ ।

दुई तिन घण्टाको अनेक सुख दुख, तिता मिठा, आरोह अवरोहको कुरा गरेपछि मैले प्रशंग परिवर्तन गर्न खोजे । त्यस्तो गर्नु जरूरी पनि थियो । मैले नरेश काकाले दिनु भएको पत्र रन्जु काकीलाई दिनु पनि थियो ।

सर्टको खल्तीमा हिफाजतसाथ राखेको पत्र झिकेर मेल रन्जु काकीलाई दिएँ । “यस पत्रबारे, यसको विषय बारे मलाई केही पनि थाहा छैन, है काकी । यो पत्र तपाइँलाई काकाको जीवनकालमा नै दिने विचार थियो तर............ ।” मैले प्रष्ट पारे ।

“तर के ?” प्रत्यासित रुपमा काकीको प्रश्न आयो ।

“काकाले भन्नु भएको थियो- यो पत्र तिम्रो काकीलाई मेरो मृत्युपछि मात्र दिनु ।”

काकीले पत्र खोलेर पढ्नु भयो । पत्र पढे पछि अस्वभाविक किसिमले रून थाल्नु भयो ।

म अक्क मक्क परे ।

फोनको घण्टी बजेको हुनाले फोन सुन्न काकी कोठा भित्र जानु भयो । बैठमा म मात्र थिए । काकीले आफु बसेको सोफमा नै त्यो छाडेर हिंड्नु भयो ।

पत्रमा के लेखिएको रहेछ जसले गर्दा काकीलाई अस्वभाविक किसिमले रुने स्थितिमा पुर्यायो, म त्यो जान्न उत्सुक भए । मेरो त्यो उत्सुकता पुरा गर्न काकीले फोनमा लामो कुरा गर्न थालेको स्थितिले सघाउ पुर्यायो पनि ।

नरेशस काकाले रन्जु काकीलाई लेखेको पत्रमा यी कुराहरू लेखिएका थिए-

प्रिय पत्नी रन्जू,

एक जिम्मेवार एवं असल पतिको भूमिका मैले म जीवित हुनजेलसम्म निर्वाह गरे । यो भूमिक निर्वाह गर्नमा मैले कतै पनि, कुनै पनि किसिमको बेइमानी गरिन । तर माफ गर रन्जु, मैले यो जिन्दगीभरि तिमीलाई आफ्नो पत्नीको रूपमा हेर्न सकिन । मेरो यस्तो व्यवहारको लगि तिमीले मलाई माफी अवश्य पनि दिने छेउ । मेरो प्रेम कुनै युवतीसँग भएको थियो । तिमीसँग विहे हुनु भन्दा पहिले । जीवन भरि मैले केवल ती युवतीसँग, केवल भावनामा, प्रेम गरि नै रहें ।

नरेश शर्मा

काकीलाई लेखिएको पत्र पढेपछि मेरो विश्वास दुध र काकाको पत्र अमिलो रस हुन पुगेको थियो, यसरी ।

मन्त्रिपरिषद विस्तार :

# कांग्रेसको किचलोले प्रचण्ड क्याबिनेट अधुरो



काठमाडौं/एमाले र राप्रपाले आफ्नो मन्त्रिपरिषद् छाडेसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग केही मन्त्रालयबाहेक सबैजसो मन्त्रालयको जिम्मेवारी आइलागेको थियो । उनी नयाँ सत्ता साझेदारहरुबाट सक्दो चाँडो मन्त्रीको नाम चाहन्थे ।

तर मुख्य सत्तारुढ कांग्रेसभित्र मन्त्री छनोटलाई लिएर असन्तुष्टि चर्किंदा उनको मन्त्रिपरिषद् अधुरो नै रहन गयो । कांग्रेसको विवादकै कारण शुक्रबार सातौं पटक पुनर्गठन हुँदा पनि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन । अहिले १७ सदस्यीय मन्त्रिपरिषदमा ६ वटा मन्त्रालय प्रधानमन्त्री आफैंसँग छन् ।

दोस्रो पटक विश्वासको मत पाएको लामो समयसम्म मन्त्रालय भागबण्डा मिलाउन नसकेपछि प्रधानमन्त्री प्रचण्डले थोरै संख्यामा मन्त्री नियुक्त गरेर भए पनि बुधबार क्याबिनेट विस्तार गर्न चाहेका थिए ।

त्यसअनुसार दलहरुसँग नाम पनि मागे । तर सत्ता गठबन्धनको प्रमुख घटक कांग्रेस सभापति शेरबहादुर देउवाले एकैपटक मन्त्रिपरिषद् विस्तार गर्न सुझाए । एक-एक जना गरेर मन्त्री नियुक्त गर्दा आफ्नो पार्टीभित्र समस्या आउने बताएपछि प्रचण्ड रोकिए ।

मन्त्रालय भागबण्डा टुंग्याएर शुक्रबार दिउँसो ३ बजे शपथ तय गरे, तर पार्टीभित्रको आन्तरिक भागबण्डा नमिल्दा देउवाले कांग्रेसले पाएको ८ मन्त्रालयमा मन्त्रीको नाम दिन सकेनन् । उनले आफ्नो समूहका चार नेतालाई मात्र मन्त्री बनाए ।

उपसभापति पूर्णबहादुर खड्का उपप्रधान तथा रक्षामन्त्री बनेका छन् भने डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग र सीता गुरुङ शहरी विकासमन्त्री नियुक्त भएका छन् । देउवाले बाँकी चार जनाको नाम दिन नसक्नुको कारण संस्थापनइतर समूहले पार्टीभित्र 'सम्मानजनक हिस्सेदारी' खोज्नु हो ।

सभापति देउवाले शेखर कोइराला-गगन थापाको संस्थापनइतर समूहसँग दुईमन्त्रीको नाम मागेका थिए । बाँकी ६ जना आफ्नो समूहका नेताहरु पठाउने उनको तयारी थियो । तर शुक्रबार बिहान बसेको शेखर कोइराला र उनी पक्षका पदाधिकारीहरुको बैठकले सम्मानजनक हिस्सेदारी नपाए नाम नदिने निर्णय गर्यो । 'हाम्रो तर्फबाट तीन जना मन्त्री पाउनुपर्ने बटमलाइन हो', सहमहामन्त्री जीवन परियारले भने, 'यसबाट घटेर मन्त्री स्वीकार गर्न सकिन्न ।'

१४औं महाधिवेशनमा सभापति लडेका शेखरले ४० प्रतिशत मत पाएका थिए, त्यसैले पछिल्लो समय यो समूहले त्यसअनुसार हिस्सेदारी खोज्दै आएको छ ।

नेताहरुका अनुसार दुई मन्त्री मात्र पाउँदा आकांक्षीहरुको व्यवस्थापन सहज छैन । यो समूहमा मन्त्रीका लागि उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार र बद्री पाण्डे, केन्द्रीय सदस्यहरु डिगबहादुर लिम्बु र प्रदीप पौडेल प्रमुख दावेदार हुन् ।

यो समूहबाट पदाधिकारीमा माथिल्लो तहमा रहेका उपसभापति गुरुङ स्वाभाविक दावेदार भए । सहमहामन्त्री जीवन र बद्री पनि अहिलेसम्म मन्त्री भएका छैनन् । डिगबहादुर संस्थापन समूह छाडेर आएका हुन् भने संसदीय दलको चुनावमा कृष्ण सिटौलालाई छाडेर गगन थापालाई समर्थन गरेका प्रदीपलाई मन्त्री बनाउन दुई महामन्त्रीको लबिइङ छ ।

त्यसैले शेखर गगन समूहले सरकारमा सहभागिताका लागि तीन मन्त्रीलाई बटम लाइन बनाएको छ । नभए मन्त्रीको नाम नै नठाउने सन्देश सभापति देउवालाई मात्र होइन, प्रधानमन्त्री प्रचण्डसम्म पुर्याए । माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रचण्डले एमालेसँग गठबन्धन तोडेर कांग्रेसतिर आउने क्रममा देउवा मात्र होइन, शेखर-गगन समूहको पनि सहमति खोजेका थिए । उनीहरुले पनि धोका नहुने वचन दिएपछि प्रचण्डले राष्ट्रपति चुनावमा कित्ता फेरेका थिए ।

तर त्यही समूहले मन्त्रीको नाम नै नदिने भएपछि प्रधानमन्त्री प्रचण्डले कांग्रेस सभापति देउवा र उपसभापति खड्कालाई बालुवाटार बोलाएर छलफल गरे । त्यही छलफलपछि देउवाले चार जनाको मात्र नाम दिए भने प्रचण्डले त्यस अनुसार मन्त्रिपरिषद् विस्तार गरे । 'शेखर दाहरुले तीन जना मन्त्री चाहिन्छ भन्नुभएको छ, त्यो भनेको हामीतिर थप एक जना मात्र मन्त्री बनाउन सकिने भयो' संस्थापन समूहका एक नेता भन्छन्, 'मन्त्री छान्न किनै गाह्रो भयो ।'

त्यही कारण देउवाले जुनसुकै अवस्थामा सरकारमा जाने तय भएकाहरुलाई मात्र सरकारमा पठाएका छन् । मन्त्री बन्न दौडधुप गरिरहेका एनपी साउद, मोहनबहादुर बस्नेतहरु रोकिए । नेताहरुका अनुसार संस्थापन समूहमा मन्त्रीका आकांक्षीहरु धेरै छन् र, अहिले सरकारमा गएकामध्ये केही नेताबारे प्रश्न उठेको छ ।

खासगरी अर्थमन्त्रीमा डा. महतलाई पठाएकोमा संस्थापन समूहकै नेताहरु असन्तुष्ट छन् । १४औं महाधिवेशनमा महामन्त्री हारेका डा. महतलाई देउवाले केन्द्रीय समस्य मनोनीत मात्र गरेनन्, प्रवक्ता बनाए । धेरै नेताले प्रत्यक्षको टिकट नपाउँदा महतलाई काठमाडौं ५ र नुवाकोट १/२ रोजेर दिएका थिए । तर महत प्रत्यक्ष चुनाव लड्न चाहेनन्, समानुपातिकको खासआर्य पुरुषतर्फ पहिलो नम्बरमा बसे । समानुपातिकतर्फ ३२ सिट पाएको कांग्रेसबाट ३ जना मात्र पुरुष सांसद हुने भए । अरुलाई रोकेर डा. महत नै सांसद भए ।

उनैलाई अर्थमन्त्री बनाउँदा देउवा समूहकै नेताहरुले एउटै व्यक्तिलाई पटकपटक अवसर दिएको भनेर असन्तुष्टि जनाएका छन् । अहिले अर्थतन्त्रमा देखिएको संकट टार्न पनि महत भन्दा अरु नेता उपयुक्त हुने उनीहरुको तर्क छ । देउवा समूहका एक नेता भन्छन्, 'बरु पूर्णजीलाई नै अर्थमन्त्री बनाएको भए हुन्थ्यो । कम्तीमा उहाँमाथि आजसम्म कसैले प्रश्न उठाएको छैन ।'

तर देउवा र पत्नी आरजु देउवा राणाको जोडबलमा डा. महतलाई नै अर्थमन्त्री बनाएको भन्दै एक नेता भन्छन्, '८७ सांसद भएको पार्टीमा ८ जना मन्त्री छनोट गर्दा आम सहमति हुन सक्दैन । तर अहिले व्यापक असन्तुष्टि छ ।'

**मन्त्री थपेर मिलाउने प्रयास**

आन्तरिक झगडाका कारण कांग्रेसले चार जना मात्र मन्त्री पठाउँदा जनमत पार्टीले भने सरकार छाडेको छ । प्रधानमन्त्रीले मन्त्रीहरुको सूची राष्ट्रपति कार्यालय पठाएलगतै खानेपानी तथा सरसफाइ मन्त्री अब्दुल खानले राजीनामा दिएका हुन् ।

११ पुसमा विना विभागीय मन्त्री भएका जनमत पार्टीका उपाध्यक्ष खान ११ माघमा खानेपानी मन्त्री बनेका थिए । जनमतको दाबी उद्योग वा कृषि मन्त्रालय थियो, तर प्रधानमन्त्री प्रचण्डले केही समयका लागि भन्दै खानपानीमा सहमत गराए । यो पटक मन्त्रिपरिषद् पुनर्गठन गर्दा उद्योग पाउनुपर्ने, नभए अर्को एउटा मन्त्रालय दिनुपर्ने जनमत पार्टीको अडान थियो ।

बिहीबारसम्म जनमतलाई उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय दिने छलफल पनि भएकै हो । तर प्रधानमन्त्रीले उपप्रधान तथा उद्योगमन्त्री भएर जनमत पार्टीकै अध्यक्ष सीके राउतलाई सरकारमा आउन आग्रह गरे । अर्थात राउत नआए उद्योग नदिने संकेत गरे । नभन्दै भूमि व्यवस्था कांग्रेसलाई दिए ।

लगत्तै जनमत पार्टीका मन्त्री खानले प्रधानमन्त्री प्रचण्डलाई भेटेर राजीनामा पत्र बुझाएका छन् । प्रधानमन्त्री प्रचण्डले पनि जनमत पार्टीलाई सरकारमा राखिराख्न जोडबल गरेनन् । किनकि पछिल्लो समय सत्ता गठबन्धनमा जसपालाई लिएर जनमत पार्टीले चालेका कदमप्रति नेताहरु सन्तुष्ट छैनन् ।

सत्ता गठबन्धनका चार दलले उपराष्ट्रपतिमा जसपाका रामसहाय प्रसाद यादवलाई उम्मेदवार बनाउँदा जनमतले उम्मेदवार खडा गरेर लोसपा, नागरिक उन्मुक्ति लगायतका साना दलहरुको साथ लिएर गठबन्धनभित्र अर्को गठबन्धन बनाउने प्रयास गर्यो । त्यसका बाबजुद रामसहायले उपराष्ट्रपति चुनाव जिते ।

तर बारा २ मा हुने उपचुनावलाई लिएर फेरि ध्रुवीकरणको प्रयास सुरु भयो । प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति देउवा लगायतका नेताहरुले जसपा अध्यक्ष उपेन्द्र यादवलाई सघाउने वचन दिइसकेका छन् । तर राउतले अघिल्लो चुनावमा माओवादी केन्द्रका उम्मेदवार रहेका शिवचन्द्र कुशवाहलाई पार्टीमा ल्याएर उम्मेदवार बनाउने कदम चालेका छन् ।

नेताहरुका अनुसार सत्तामा सहकार्य गरे पनि छुट्टै हिंड्न खोजेकाले जनमत पार्टीलाई सरकारमा राख्न धेरै जोडबल गरिएन, किनकि यसले यसले कांग्रेसभित्र देखिएको किचलो व्यवस्थापनमा समेत सहज हुने नेताहरुको दाबी छ । 'जनमतले सरकार छोड्दा कांग्रेसलाई मन्त्रालय थपिने अवस्था हुनसक्छ । ८ को ठाउँमा ९ मन्त्रालय पाउँदा कांग्रेस भित्रको विवाद पनि मिल्छ' एक नेता भन्छन्, 'संस्थापनबाट ६ जना र इतरबाट तीन जना मन्त्री हुने अवस्था बन्छ ।'

केन्द्रमा सरकारबाट जनमत पार्टी बाहिरिएसँगै मधेस प्रदेशमा पनि भागबण्डा मिलाउन सहज हुने नेताहरुको बुझाइ छ । अघिल्लो गठबन्धनमा मधेस प्रदेशको मुख्यमन्त्री जसपा र जनमत पार्टीले आलोपालो गर्ने सहमति भएको थियो । त्यसअनुसार मधेश प्रदेशमा जसपाका सरोजकुमार यादव मुख्यमन्त्री छन् ।

तर अहिले कांग्रेसले मुख्यमन्त्री दाबी गरेको छ भने जनमतले उपराष्ट्रपति लिइसकेकाले जसपाले मुख्यमन्त्री छाड्नुपर्ने दाबी गर्दै आएको थियो । जब केन्द्रमा जस्तै प्रदेशमा नयाँ सरकारको भागबण्डा गर्दा सहज हुने विश्लेषणसहित जनमतलाई फकाउनेतिर नलागेको सत्ता गठबन्धनका एक नेताले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'प्रेमा'सहित हलमा सात फिल्म



काठमाडौं/गत फागुन १९ गते प्रदर्शनमा आएको दुई फिल्म 'छक्का पञ्जा ४' र 'छड्के २'पछि नेपाली हलमा स्वदेशी फिल्म प्रदर्शनमा आएका थिएनन् । यसको एउटा कारण 'छक्का पञ्जा ४'को डर पनि थियो । यो फिल्मको चार हप्तासम्मको व्यापार अंक हेर्दा अन्य फिल्मले प्रदर्शनका लागि डर मान्नु स्वभाविक पनि देखिन्छ । अब भने हलमा शुक्रबारबाट नयाँ नेपाली फिल्म 'प्रेमा' प्रदर्शनमा आएको छ ।

बुधबार काठमाडौंमा भएको प्रिमियरमा सुखद प्रतिक्रिया प्राप्त गरेको फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित छ । धनगडीबाट काठमाडौं आएकी प्रेमा (शुभेक्षा खड्का) र काठमाडौं रैनाथे आकाश (अरुण क्षेत्री)बीचको प्रेम, विछोड र मिलनमा फिल्मले २ घन्टा फन्को पारेको छ । सानो असमझदारीले पनि प्रेम सम्बन्धमा कस्ता उतार-चढाव आउँछन् भन्ने कुरा फिल्ममा देखाइएको छ ।

बाघठाटा फिल्म फ्याक्ट्रीको ब्यानरमा निर्माण भएको फिल्ममा अरुण र शुभेक्षाका साथै सृष्टि श्रेष्ठ, विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया (काजु)को अभिनय छ । काठमाडौं, धनगढी र कर्णालीमा खिचिएको फिल्मका निर्देशक गोविन्द सिंह भण्डारी हुन् । कथा लेखन पनि भण्डारीकै हो ।

विवेक घिमिरे र निर्देशक भण्डारीले निर्माण गरेको 'प्रेमा'का कार्यकारी निर्माता सामर्थविक्रम थापा हुन् । फिल्ममा सुशान्त गौतमको संगीत, सुशान्त स्वयं, सबिन एकतारे र अनिल शर्माको गीत, चन्द्र भट्टराईको मुख्य सहायक निर्देशन, अमित श्रेष्ठको व्याकग्राउण्ड स्कोर, कृष्ण भण्डारीको सम्पादन र महेश पौडेलको डीओपी छ । फिल्मले देशभरका मल्टीप्लेक्सहरुमा औसत शो पाएको छ ।

**हलमा सात फिल्म**

कहिले काहीँ फिल्म नभएर खाली हुने गरेका हल यसपटक फिल्मै फिल्मले भरिएको छ । शुक्रबार बाट प्रदर्शन भएको 'प्रेमा'सहित अहिले हलमा सातवटा फिल्म प्रदर्शनरत छन् । त्यसमध्ये दुईवटा नेपाली (छक्का पञ्जा ४ र प्रेमा), एउटा बलिउड (भोला), एउटा साउथ (दसरा) र तीनटा हलिउड (डंजन्स एन्ड ड्रयागन्स : अनर अमंग थीव्स, जोन वीक : च्याप्टर ४ र डेमन स्लेयर) रहेका छन् ।

शुक्रबारबाट प्रदर्शनको पाँचौं हप्तामा प्रवेश गरेको 'छक्का पञ्जा ४'मा अझै दर्शकको चाप उच्च छ । त्यस्तै, बिहीबारबाटै प्रदर्शनमा आएको बलिउड फिल्म 'भोला'को पनि नेपालमा अकुपेन्सी सुखद नै देखिएको छ । अन्य विदेशी फिल्मको हकमा कुनैको व्यापार ठीकठाक छ भने कुनैको दयनीय छ । फिल्मै फिल्मको भीडमा 'प्रेमा'लाई व्यापारिक हिसाबमा अब्बल ठहरिन कम चुनौती छैन ।

# रमेश बुढाथोकी भन्छन्, 'सुरक्षा पन्त हाम्रो देशको गर्व हो'




काठमाडौं/आफूले मार्गदर्शक र आदर्श मानेको व्यक्तिले आफ्नो कामको प्रशंसा गर्दा जोकोहीलाई त्योभन्दा खुशीको क्षण सम्भवत: अरु हुँदैन । जीवनको सबैभन्दा ठूलो कमाई नै त्यही हो । बिहीबार फिल्म 'बुलाकी'को ट्रेलर रिलिज कार्यक्रममा नेपाली फिल्मका नामी कलाकार तथा निर्देशक रमेश बुढाथोकीले आफ्नो अभिनय कलाको प्रशंसा गर्दा अभिनेत्री सुरक्षा पन्त नतमस्तक बनेकी थिइन् ।

बुढाथोकीले सुरक्षाको प्रशंसामा भनेका थिए, 'सुरक्षाको कामको जति नै मुक्तकण्ठले प्रशंसा गरे पनि कम हुन्छ । हामो देशको गर्व भन्नुपर्छ सुरक्षालाई । नेपाली फिल्म क्षेत्रमा निकै राम्रो स्थान बनाउनु भएको छ । उहाँले चरित्रमा डुबेर आत्मादेखि नै भावना व्यक्त गर्नुहुन्छ । यो फिल्ममा मात्र होइन, विगतका उहाँका फिल्ममा पनि त्यो देखेका छौं । 'बुलाकी'मा त झनै अभिनय माझिएको छ ।'

बुढाथोकीले आफ्नो प्रशंसामा शब्द खर्चिदा सुरक्षा शब्दविहीन भएकी थिइन् । प्रशंसाको शब्दले उनको शिर उठ्न दिएको थिएन । उनले दुवै हात छातीमा राख्दै धन्यवाद भनिरहेकी थिइन् । त्यस्तै, कलाकार बुढाथोकीले 'बुलाकी'का अर्का प्रमुख कलाकार नरेन खड्काको अभिनयको प्रशंसामा पनि शब्द खर्चिन भ्याए । फिल्ममा नरेनले एकदमै जीवन्त अभिनय गरेको उनको भनाई थियो ।

सुरक्षा र नरेनको प्रशंसामा बुढाथोकीले थपेका थिए, 'म सुटिङकै बेला उहाँहरुको अभिनयबाट प्रभावित भएको थिएँ । उहाँहरुले अभिनयको क्षेत्रमा केही विस्फोट गर्नुहुन्छ भन्ने लागेको छ ।' कर्णालीमा प्रचलनमा रहेको जारी प्रथाको कुरुप अवस्थालाई चित्रण गरिएको फिल्ममा सुरक्षा र नरेन श्रीमान्-श्रीमतीको भूमिकामा छन् । यो फिल्म बैशाख १ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

# सुधारिएको प्रदर्शनसँगै उपाधि

काठमाडौं/सुधारिएको प्रदर्शनसहित लाओसलाई २-१ गोलअन्तरले हराउँदै नेपालले प्रधानमन्त्री कप त्रिदेशीय फुटबल प्रतियोगिताको उपाधि जितेको छ । अघिल्ला दुई खेलमा आफ्नो लय भेट्टाउन संघर्षरत नेपाल टिम शुक्रबार दशरथ रंगशालामा रक्षात्मक र आक्रामक दुवैमा प्रभावशाली देखियो ।

नियमित खेलाडीहरु विदेश पलायन हुँदा राष्ट्रिय टिममा युवा खेलाडीको आगमनले टिमको सन्तुलन विग्रिनु स्वभाविक थियो । त्यसमाथि एक महिनाअघि मात्रै प्रमुख प्रशिक्षक नियुक्त भएका थिए । युवा बाहुल्य रहेको टिमले प्रतियोगिताअघि एक दिनको मात्र प्रशिक्षण समय पाएको थियो ।

८ चैतमा लाओससँग प्रतियोगिताको पहिलो खेल खेल्दा नेपालको प्रदर्शनबाट आशा गर्ने ठाउँहरु असाध्यै सीमित थिए । अनन्त तामाङ र नवयुग श्रेष्ठको दुई शानदार गोलले टिमको खराव प्रदर्शनलाई छायामा पारेको थियो । १४ चैतमा भुटानसँग त नेपाल हारबाट मुस्किलले जोगियो । दक्षिण एसियामा भुटानसँग हारको खराव कीर्तिमान टार्न प्रतियोगिताका डेब्युटेन्ट खेलाडी दीपकराज सिंह ठकुरीले अन्तिम मिनेटमा बरबरी गोल फर्काएका थिए ।

९ हजार बढी समर्थकका अगाडि घरेलु टिमको पुनरागमन जितले नवनियुक्त प्रशिक्षक भिन्सेन्ट अल्बर्टो एनेसलाई पनि राहत मिलेको छ । स्वभाविक रुपमा उनले भन्न पाएका छन्, 'हामी एकपछि अर्को खेलमा सुधारिएका छौं ।'

फिफा विन्डोको समय पारेर अखिल नेपाल फुटबल संघ एन्फाले भुटान र लाओसलाई आमन्त्रण गरी त्रिदेशीय फुटबल प्रतियोगिताको आयोजना गरेको हो । विन्डोको समय सकिएका कारण शुक्रबारको फाइनलका कुनै पनि तथ्यांकले आधिकारिक मान्यता पाउँदैन ।

नेपालले यो खेलमा आक्रामक रणनीति लिएको थियो । सुरुमै गोल खाँदा केहि रक्षात्मक बने पनि नेपालले छिट्टै पुनरागमन गर्न सक्यो । प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी चुनिएका आयुश घलानले फाइनलमा नेपालका लागि बराबरी गोल गरेका थिए ।

'सुरुमै गोल गर्ने रणनीति थियो । तर, गोल खान पुग्यौं । तर, आशा राखेर खेलेका थियौं र पछि गोल निस्कियो,' आयुशले भने ।

जित्नैपर्ने मानसिकताबाट ग्रसित भएर कमजोर टिमलाई आमन्त्रण गरेको भनेर एन्फाको चर्को आलोचना भए पनि लाओस र भुटानले नेपाललाई कडा टक्कर दिए । फेरिएको नेपाली टिम र नयाँ प्रशिक्षक एनेसका लागि पनि यो उपाधिले आगामी दिनमा मनोवल उच्च पार्नेछ ।

'हामी लगातार राम्रो भइरहेका छौं । पहिलो खेलमा हामीले लामो बलका लागि प्रयास गरिरहेका थियौं । दोस्रो खेलमा भुटानसँग बल पोजिसन राखेर खेल्ने प्रयास गर्यौं । यद्यपी त्यो प्रभावकारी थिएन,' प्रशिक्षक एनेसले पत्रकार सम्मेलनमा भने, 'आजको खेलमा हामीले दवावमा राख्न सक्यौं । विशेष गरी दोस्रो हाफमा हामीले अझै राम्रो खेल्यौं ।'

भिन्सेन्ट एक महिनाअघि मात्र नेपाल आएका हुन् । १९ फागुनदेखि सुरु भएको शहीद स्मारक ए डिभिजन लिगमा ४ चैतसम्म पाँच चरणका खेल हेरेर उनले आफ्नो टिम निर्माण गरेका थिए । एनेस आफैंले धेरै कुरा बुझ्न बाँकी रहेको र आफूले पनि गल्तीहरुबाट पाठ सिक्दै अगाडि बढ्ने स्वीकारेका छन् ।

यही प्रतियोगिताबाट डेब्यू गरेका दीपकराज सिंह ठकुरी र मणि लामाले तेस्रो खेलमा सुरुवाती टिममा अवसर पाएका थिए । अघिल्ला दुई खेलमा सब्स्टिच्युड रहेका मनिष डाँगीले पनि फाइनलमा सुरुवात गरेका थिए । खेलमा तीन मिनेटको समय बाँकी रहँदा मनिषले शानदार फिनिस गर्दै नेपाललाई उपाधि दिलाए । एरिक विष्ट, आयुश घलानलगायतका युवा खेलाडीबाट प्रशिक्षक एनेस खुसी देखिए । उनले भने, 'म मेरा खेलाडीप्रति गर्व गर्छु ।'

नेपालले आउने असार ६ देखि १८ गतेसम्म भारतमा साफ च्याम्पियनसिप खेल्दैछ । सम्भवत: अवको तयारी साफ केन्द्रित हुनेछ । तर, घरेलु फुटबलको सिजन जेठ अन्तिमसम्म चल्नेछ । ए डिभिजन लिगमा अब २१ चरणका खेलहरु बाँकी छन् । २० चैतदेखि छैटौं चरणको खेल सुरु हुँदैछ ।

*(स्रोत: अनलाइनखबर)*

# चितवन २ मा एमालेबाट पार्टी अध्यक्ष रामप्रसाद न्यौपाने उम्मेदवार हुने

चितवन/चितवन क्षेत्र नं. २ मा आगामी बैशाख १० गते हुने उपनिर्वाचनमा एमालेबाट जिल्ला अध्यक्ष रामप्रसाद न्यौपाने उम्मेदवार हुने भएका छन् । एमाले जिल्ला कमिटीको आज बसेको बैठकले जिल्ला अध्यक्ष न्यौपानेलाई उम्मेदवार बनाउन सिफारिस गर्ने निर्णय गरेको हो । न्यौपानले गत मंसिर ४ गतेको निर्वाचनमा चितवन क्षेत्र नं. ३ बाट एकल सिफारिस भएर पनि उम्मेदवार बन्न पाएका थिएनन् ।

एमालेले चितवन क्षेत्र नं. ३ मा कांग्रेसका विद्रोही उम्मेदवार दिनेश कोइरालालाई सर्मथन गरेपछि न्यौपानेको उम्मेदवारी पार्टी केन्द्रले माथिबाट नै तानिदिएको थियो । एमाले विद्यार्थी संगठन अनेरास्ववियूमा आवद्ध भएर २०५३ सालदेखि नै पूर्णकालिन भएका न्यौपाने युवा नेता मानिन्छ ।

२०५५ साल र २०५६ साल गरी दुई पटक अनेरास्ववियुको जिल्ला अध्यक्ष बनेका न्यौपाने २०५७ सालमा अनेरास्ववियुको केन्द्रीय सदस्य र नारायणी अञ्चल इन्चार्ज भएका थिए । उनी २०७८ पुसमा एमालेको चितवन जिल्ला अध्यक्ष भएका थिए ।

चितवन-२ बाट २ पटक जितेका संविधान सभाका सदस्य कृष्णभक्त पोखरेल नउठ्ने भएपछि न्यौपानेले अगाडि सरेका हुन् । न्यौपानेसँगै डा. तिलचन्द्र भट्टराई र कालिका नगरपालिकाका पूर्व मेयर खुमनारायण श्रेष्ठ गोपीलाई उम्मेदवार आकांक्षीको रुपमा हेरिएको थियो ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com


# घनश्यामको निर्देशनमा बन्ने 'चित्रा'मा अर्पण र सन्तोष

काठमाडौं/'पञ्जेबाजा' फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशनमा फिल्म 'चित्रा' बन्ने भएको छ । बिहीबार राम नवमीको अवसर पारेर फिल्मको निर्माण घोषणासँगै प्रमुख भूमिकामा अभिनय गर्ने कलाकारको नाम सार्वजनिक गरियो । आगामी भदौबाट छायांकनमा जान लागेको फिल्ममा अभिनेता अर्पण थापा र 'आमा' फिल्मका निर्माता समेत रहेका सन्तोष अधिकारीको मुख्य भूमिका रहनेछ ।

नेपालमा नै सम्पूर्ण छायांकन हुने फिल्मले एक साधारण बाबु र छोरीको कथालाई प्रस्तुत गर्ने निर्देशन लामिछानेले जानकारी दिए । लामिछाने निर्देशन गरेको नयाँ फिल्म 'लण्डन टु पेरिस' प्रदर्शनको पखाईमा छ । 'चित्रा' एसाप इन्टर टेनमेन्टको प्रस्तुतिमा सन्तोष अधिकारी फिल्मस्को ब्यानरमा निर्माण हुनेछ । भावना पन्तको लगानी रहने फिल्मको कथा अजय अधिकारीले तयार पारेका हुन् ।

यतिबेला मनिष गौतमले अजयको कथालाई पटकथा तथा संवादमा ढालिरहेका छन् । फिल्ममा लेखक अधिकारीको गीत रचना र सुरेश राईको संगीत रहनेछ । निर्माता अधिकारीले केही समयअघि 'डलर एयुडी' नामक फिल्मको पनि निर्माण घोषणा गरेका थिए । यो फिल्मको चाँडै छायांकन सुरु हुने उनले बताए । साथै, सन्तोष निर्मित नयाँ फिल्म 'तीन जन्तु' प्रदर्शनको तरखरमा रहेको छ ।


"तपाईं हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# ६ नम्बर वडामा ७ सय ९० जनाले लिए सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/हेटौंडा उपमहानगरपालिकाको ६ नम्बर वडा कार्यालयले आयोजना गरेको घरदैलो स्वास्थ्य कार्यक्रमबाट ७ सय ९० जना सेवाग्राही लाभान्वित भएका छन् ।

शुक्रबार हेटौंडा-६ स्थित, हेटौंडा स्वास्थ्यचौकीका प्रमुख तोयानाथ ढुंगेलले घरदैलो कार्यक्रमको प्रगति विवरण सार्वजनिक गरेका छन् । जनता स्वास्थ्य घरदैलो कार्यक्रममार्फत 'जनताको मृगौला जोगाऔं' अभियान चलाइएको थियो । १३ चैतदेखि १६ गतेसम्म हेटौंडा-६ को २३ टोलमा घरदैलो स्वास्थ्य शिविर चलाइएको हो । हेटौंडामा सम्भवत: पहिलो पटक वडा कार्यालयको नेतृत्वमा जनताको घरघरमै पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने अभियान सञ्चालन गरिएको स्वास्थ्य केन्द्रका प्रमुख ढुंगेलले बताए ।



शिविरमा महिलाको सहभागिता उल्लेखनीय रहेको थियो। शिविरमा उपस्थित कुल ७ सय ९० जनामध्ये ५ सय २७ महिलाले सेवा लिएका थिए । शिविरमा प्रोटिन, पिएच र ग्लूकोजको परीक्षण गरिएको थियो । जसमध्ये प्रोटिनमा ८५ जनालाई सामान्य समस्या, २३ जनालाई न्यून समस्या, ७ जनालाई केही समस्या र ४ जनालाई मध्यम समस्या देखिएको छ । त्यसैगरी पिएच परीक्षणमा ४ जनालाई सामान्य समस्या, ८ जनालाई न्यून समस्या, ३ जनालाई केही समस्या देखिएको छ । ग्लुकोज परीक्षणमा २२ जनलाई सामान्य, ७ जनालाई न्यून, १५ लाई केही र २० लाई मध्यम समस्या देखिएको स्वास्थ्य चौकीबाट जानकारी प्राप्त भएको छ ।

स्वास्थ्यचौकी प्रमुख ढुंगेलले हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त कायम गर्न यस चौकीले स्वास्थ्यतर्फको ८ वटा सुचकहरु पूरा गरिसकेको बताए । कार्यक्रममा बोल्दै वडाअध्यक्ष विष्णु दाहालले अगामी दिनहरुमा पनि वडाबाट स्वास्थ्य क्षेत्रको लागि कार्यक्रमको प्रभावकारितालाई ध्यानमा राखी थप बजेट छुट्याइने प्रतिबद्धता व्यक्त गरेका छन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ का वडा सदस्यद्वय विजय पौडेल, लेखराज ढकाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, रानी सामुदायिक वन उपभोक्ता समूहका सचिव भीमसेन पौडेल, पूर्बपत्रकार प्रदीप ढुंगाना लगायतको उपस्थिति थियो ।

# विद्यालय बाहिरका बालबालिका खोज्न बाँकी

साझाकुरा संवाददाता

हेटौंडा, १७ चैत/देशकै पहिलो बालमैत्री गाउँपालिका जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा बालबालिका अझै विद्यालय बाहिर रहेको बताइएको छ ।

सतप्रतिशत बालबालिका विद्यालय भर्ना गराउने योजनाका बाबजुद बालबालिकाहरु बिद्यालय बाहिरै रहेको आशंकामा अझै खोज्न बाँकी रहेको बताइएको हो । कोर इन्टरनेशनलको आर्थिक सहयोग, मनहरी गाउँपालिकाको समन्वय तथा हिमराईट्स मकवानपुरको आयोजना भएको स्थानीय जनप्रतिनिधि तथा अभिभावकबीच अर्न्तक्रिया कार्यक्रमका सहभागीहरुले बालबालिकाहरु विद्यालय बाहिर हुनसक्ने भन्दै अझै खोजिकार्यको काम गर्नुपर्नेमा जोड दिएका छन् । बालबालिकाहरु अनेकौं समस्याका कारण नियमित विद्यालय जान नसकेको हुनसक्ने कार्यक्रमका सहभागीहरुले बताएका हुन् ।

हिमराइट्स मकवानपुरले विद्यार्थीलाई निरन्तर सहयोग गर्दै आएको कार्यक्रममाथि समिक्षा गर्दै कार्यक्रममा सहभागी सरोकारवालाहरुले विद्यालय बाहिर रहेका बालबालिकाको खोजी गरिनुपर्ने बताए । कार्यक्रममा मनहरी-३ को वडासदस्य हीराबहादुर प्रजाले अभिभावक शिक्षाको कारण सचेतना अभिवृद्धि भई बालबालिका विद्यालय आउन थालेको तर अझै यस्ता बालबालिका खोज्न बाँकी रहेको बताए । हिमराईट्स मकवानपुरले सीमान्तकृत चेपाङ समुदायका बालबालिकालाई विद्यालय पोशाक, अतिरिक्त (ट्युसन) कक्षा, जाडोमा न्यानो कपडा तथा चौमासिक रुपमा खाद्यान्नसमेत सहयोग गर्दै आएको छ ।

उक्त सेवा सुबिधा पाइने भएपछि बालबालिका नियमित विद्यालय आउने गरेको र सिकाईमा समेत धेरै सुधार आएको अभिभावकहरुले बताए । कार्यक्रममा मनहरी गाउंपालिका शिक्षा शाखाप्रमुख हरिचन्द्र सापकोटाले सीमान्तकृत समुदायसँगै विद्यालय बाहिर रहेका अन्य समुदायका बालबालिकालाई शैक्षिक सिकाईको दायरामा ल्याउने चुनौती रहेको बताए । प्रजा आधारभूत विद्यालयको प्रधानाध्यापक तुलबहादुर सुनारले विद्यार्थीलाई संस्थाले सहयोग गर्न थालेपछि विद्यार्थी संख्या बढेको बताए । स्कुलमा आउनै नचाहने बालबालिका नियमित कक्षा आउन थालेको उनले बताए । 'ट्याक्टरमा बालश्रम गर्न जाने, माछा मारेर रमाइलो गर्न रुचाउनेहरु नियमित स्कुल आउँछन्' प्रध्यनाध्यापक सुनारले भने 'चेपाङ मात्रै हैन अन्य जाति पनि आर्थिक अवस्था साह्रै कमजोर भएकोले स्कुलमा टिकाउन चुनौती छ ।', आफ्ना सन्तानले शिक्षासँगै व्यक्तिगत जीवनमा धेरै चासो राख्न थालेको अभिभावक राममाया प्रजाले बताइन् ।

कार्यक्रममा कोशिशको सकुन्तला पौडेलले मानसिक सु-स्वास्थबारे ग्रामीण भेगमा समस्या भएमा संस्थामा सम्पर्क गर्न अनुरोध गरेकी छन् । कार्यक्रम मानवअधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्ध जिला सञ्जाल उपाध्यक्ष तथा माइती नेपाल मकवानपुर प्रमुख माया तामाङले बालबालिकालाई उनीहरुको दीगो सिकाइको लागि अभिभावकलाई पनि जिम्मेवारी हुँदै आएको आभास आफूले गरेको बताइन् । मकवानपुर मनहरी गाउँपालिका सामाजिक विकास संयोजक अनन्तप्रकाश अर्यालको अध्यक्षतामा कार्यक्रम भएको थियो । हिमराईट्सले सहयोग गर्न थालेपछि बालबालिका निरन्तर कक्षामा उपस्थित हुने गरेको, शिक्षण सिकाइ क्रियाकलाप राम्रो भएको, ट्युसन कक्षामा पनि निरन्तर उपस्थित हुने गरेको, सरसफाइमा ध्यान दिने गरेको, अभिभावकहरु आफै पनि बालबालिका विद्यालय आए नआएको अनुगमन गर्न आउने गरेको कार्यक्रम संयोजक कुमारी वाइबाले बताइन् ।

पहिला नामसमेत भन्न नजान्ने बालबालिका अहिले पढ्न सक्ने साथै केही कक्षा प्रथम नै भएको, चित्र बनाउने आफ्नो वर्णन गर्ने र नबुझेका कुरा सोध्ने गरेको र आफैंले साथीहरुलाई सिकाउने समेत गरेको वाईबाले बताइन् । संस्थाले सीमान्तकृत समुदायको शिक्षा तथा नेतृत्व विकास कार्यक्रमअन्तर्गत हाल राक्सिराङ गाउँपालिकाअन्तर्गत् वडा नम्बर ३ र ५ को सूर्योदय मावि र चैनपुर स्थित प्रजा जागृति आधारभूत विद्यालय तथा मनहरी गाउपालिकाको वडा नम्बर ३, स्थित प्रजा आधारभूत विद्यालय तथा ६ नम्बर वडामा रहेको सगरमाथा आधारभूत विद्यालयमा बालबालिकालाई विद्यालय शिक्षा सहयोग कार्यक्रमसँगै सीमान्तकृत समूहको आर्थिक सशक्तिकरणका लागि आयआर्जन क्रियाकलाप संचालन गर्ने, शिक्षक अभिभावकबीच अन्तक्रिया तथा बैठक संचालन गर्ने जस्ता कार्यक्रम गर्दै आएको छ ।

## सादर निमन्त्रणा



मेरो धर्मपत्नी **कृष्णा कुमारी गुप्ता अग्रवाल**को असामयिक स्वर्गारोहणमा सद्भाव तथा श्रद्धाञ्जली प्रकट गर्नुहुने, सागरमा पाल्नुहुने र घरमै पाल्नु भई समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र र संस्थागत व्यक्तित्वहरुप्रति हार्दिक आभारसहित निम्न मिति, समय र स्थानमा प्रसाद ग्रहणको लागि सादर निमन्त्रणा गर्दछु ।

**निम्न:**
**मिति:** २०७९ चैत्र १९ गते आइतबार
**सयम:** दिउँसो १:०० बजेबाट
**स्थान:** आफ्नै निवास, बागडोल, रेडियो सगरमाथा नजिक, ललितपुर

प्रार्थी
**कृष्ण कुमार गुप्ता अग्रवाल**

## पसल बिक्रीमा


हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८१३३२१२२**

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**

सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्





कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

COOP ICA

"सहकारीको दिगोपन, स्वनियमन र सुशासन"

## ६६ औं राष्ट्रिय सहकारी दिवश २०७९

राष्ट्रिय सहकारी दिवसका कार्यक्रमहरु

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०७९/१२/१८ | बुद्ध चोक, हेटौंडा बिहान ७:०० बजे | रक्तदान |
| २०७९/१२/१९ | मानवसेवा आश्रम हेटौंडा-९ दिनको ४:०० बजे | आश्रितहरुको खानाको लागि खाद्यान्न वितरण |
| २०७९/१२/२० | भुटनदेवी माबि हेटौंडा-४,को चौरबाट सुरु भई पल्पसा हल हेटौंडा बिहान ७:०० बजे | र्‍याली, प्रवचन, सम्मान वितरण |
| २०७९/१२/२० | साँझ ७:०० बजे | बागमती प्रदेशका सबै सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

*उल्लेखित कार्यक्रमहरुमा सहभागिता जनाई सहकारी दिवश २०७९ भव्यरुपमा सफल पारौं ।*

**६६ औं राष्ट्रिय सहकारी दिवश २०७९
मूल समारोह समिति**
बागमती प्रदेश, हेटौंडा

*Education is the real treasure*

ADMISSIONS OPEN FOR 2080

From Nursery to Grade 9

Scholarships

a feature of socially resposible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

APPLY NOW www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्था लि.
PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD
पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति : २०७९/१२/१८*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत ) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असुल उपर हुनु पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकमअसुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामालाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसी दिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम :** बिबिता कार्की<br>बाबुको नाम : प्रेम बहादुर थापा<br>पतिको नाम : बिनोद कार्की<br>ना.प्र.प.नं. ३१३०३५/५५३<br>जारी मिति: २०६३/१०/२२<br>ठेगाना: पालुङ ४, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: बिनोद कार्की<br>बाजेको नाम: शेर बहादुर<br>बाबुको नाम: अर्जुन बहादुर कार्की<br>ना.प्र.प.नं. ४०/५७२<br>जारी मिति: २०५५/०१/११<br>ठेगाना: पालुङ ४, मकवानपुर |   | बिनोद कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला पालुङ गा.वि.स वार्ड नं ३/४ स्थित कि.नं. ७०५/८३७/८३९/८४०को क्षेत्रफलज्ञ-४-१-१/०-१०-०-१/०-१४/२-३/०-१०-०-१ को जग्गा । |
| २ | **नाम :** किरण विक्रम बिष्ट<br>बाबुको नाम : भोला बहादुर बिष्ट<br>बाजेको नाम : लाल बहादुर बिष्ट<br>ना.प्र.प.नं. ३८९<br>जारी मिति: २०४१/११/१८<br>ठेगाना::दामन १, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम:उर्मीला मुडवरी<br>पतिको नाम: किरण विक्रम बिष्ट<br>बाबुको नाम: रामप्रसाद मुडवरी<br>ना.प्र.प.नं. ३१३०२१/२५९<br>जारी मिति: २०६३/११/१९<br>ठेगाना: पदमपोखरी ५, मकवानपुर |   | किरण विक्रम बिष्टको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं १ स्थित कि.नं. ३२ को क्षेत्रफल २-१२-२-१ को जग्गा । |
| ३ | **नाम :** राजेन्द्र बहादुर कार्की<br>बाबुको नाम: हरिबहादुर कार्की<br>बाजेको नाम : भिमबहादुर कार्की<br>ना.प्र.प.नं. ४२/२८२७८<br>जारी मिति: २०६३/०७/२८<br>ठेगाना::बज्रबाराही ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम: हरि बहादुर कार्की<br>बाजेको नाम: कृष्ण बहादुर कार्की<br>बाबुको नाम:भिम बहादुर कार्की<br>ना.प्र.प.नं. २४१७<br>जारी मिति: २०४१/०९/२०<br>ठेगाना: बज्रबाराही ९, मकवानपुर<br>नाम : ध्रुब कार्की |   | राजेन्द्र बहादुर कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं १ स्थित कि.नं. १९१३ को क्षेत्रफल ४-१५-३-१ को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रही यस सँस्थाको नाममा राजेन्द्र बहादुर कार्की ऋणी रहने गरी नामसारी भएको ना.७.ख. १८०४ को भाडा ट्रक<br>Engine Number: E413CDGH101444<br>Chasis Number: MC2B1CRC0GH351313 |
| ४ | बाबुको नाम: गणेश बहादुर कार्की<br>बाजेको नाम : हेम बहादुर कार्की<br>ना.प्र.प.नं. ६४ ना.म.<br>जारी मिति: २०४४/११/०१<br>ठेगाना: दामन ५, मकवानपुर |  | ध्रुव कार्कीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ३/५ स्थित कि.नं. १४७८/५४४ को क्षेत्रफल ०-६-०-०/१-१-१-० को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रही यस सँस्थाको नाममा ध्रुव कार्की ऋणी रहने गरी नामसारी भएको ना.२.ख. ९६७७/ना.२.ख. ७१०९ को भाडा ट्रक<br>Na 2 Kha 7109:<br>Engine Number 20J62240207<br>ChasisNumber:3880050JXZ118841 |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना